# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) धनगढी, नेपाल, भाद्र ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क १२

## भाग १

## सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानुन मन्त्रालय

नेपालको संविधानको धारा १७६ बमोजिमको सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७९ सालको ऐन नं. १२**

**सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**



**प्रस्तावना:** प्रदेश निजामती सेवालाई व्यावसायिक, मर्यादित, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउने प्रयोजनको लागि प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्तसम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अख्तियारवाला" भन्नाले दफा १५ बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ।

(ख) "आर्थिक रुपले विपन्न खस आर्य" भन्नाले संघीय कानूनले तोकेको आय वा सो बराबरको आय भएको आर्थिक रुपले विपन्न खस आर्य समूहको व्यक्ति सम्झनु पर्छ।

(ग) "कार्यालय प्रमुख" भन्नाले कार्यालयको प्रमुख भई कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ र सो शब्दले विभागीय प्रमुखलाई समेत जनाउँछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा

तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) “परिवार” भन्नाले प्रदेश निजामती कर्मचारीसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ।

(च) "तलब" भन्नाले यस ऐन बमोजिम प्रदेश निजामती कर्मचारीको तलब रकम सम्झनु पर्छ र सो शब्दले तलब वृद्धि समेतलाई जनाउँछ ।

(छ) “प्रदेश” भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ज) “प्रदेश किताबखाना” भन्नाले प्रदेश निजामती कर्मचारी तथा प्रदेश अन्य सरकारी सेवा तथा स्थानीय सेवाका कर्मचारीको अभिलेख राख्ने निकाय सम्झनु पर्छ ।

(झ) “प्रदेश निजामती कर्मचारी” भन्नाले प्रदेश निजामती सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(ञ) “प्रदेश निजामती सेवा” भन्नाले दफा ४





बमोजिम गठित प्रदेश निजामती सेवा सम्झनु पर्छ ।

(ट) “प्रदेश सरकार” भन्नाले प्रदेश सरकार (मन्त्रिपरिषद्) सम्झनु पर्छ ।

(ठ) “विभागीय प्रमुख” भन्नाले तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ड) “विशेषज्ञ पद” भन्नाले विशेष प्रकृतिको काम, कर्तव्य र उत्तरदायित्व भएको र विशेष योग्यता चाहिने पद सम्झनु पर्छ ।

(ढ) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेरेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.), ग्रीन कार्ड, आधार कार्ड वा विदेशी मुलुकको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(ण) “स्थायी पद” भन्नाले निवृत्तभरण वा योगदानमा आधारित निवृत्तभरण पाउने र म्याद नतोकिएको प्रदेश निजामती सेवाको पद सम्झनु पर्छ ।

## परिच्छेद– २

## प्रदेश निजामती सेवाको गठन

३. **प्रदेश कर्मचारी प्रशासन सम्बन्धी प्रादेशिक निकायः** (१) प्रदेशको प्रशासन सञ्चालन गर्न प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त तथा प्रदेश निजामती कर्मचारीको व्यवस्थापन र सञ्चालनका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रादेशिक निकायको रूपमा काम गर्नेछ ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएको विषय बाहेक प्रदेश निजामती कर्मचारी प्रशासनसम्बन्धी काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नीतिगत स्वीकृति बिना गर्न पाइने छैन ।

४. **प्रदेश निजामती सेवाको गठनः** (१) प्रदेश निजामती सेवा अन्तर्गत देहाय बमोजिमका सेवाहरू रहनेछन्:-

(क) प्रदेश आर्थिक योजना तथा तथ्याङ्क सेवा,
(ख) प्रदेश इन्जिनियरिङ्ग सेवा,
(ग) प्रदेश कृषि सेवा,
(घ) प्रदेश प्रशासन सेवा,
(ङ) प्रदेश वन सेवा,
(च) प्रदेश शिक्षा सेवा,
(छ) प्रदेश स्वास्थ्य सेवा,
(ज) प्रदेश विविध सेवा ।

(२) उपदफा (१) बमोजिम गठित सेवामा तोकिए बमोजिमका समूह वा उपसमूह रहनेछन् ।





(३) उपदफा (१) बमोजिम गठित सेवाका समूह वा उपसमूहमा रहने पदहरुका लागि चाहिने न्यूनतम योग्यता तोकिए बमोजिम हुनेछ ।

५. **प्रदेश निजामती सेवामा रहने तह :** (१) प्रदेश निजामती सेवामा देहाय बमोजिम तहहरु रहनेछन् :-

(क) अधिकृतस्तर एघारौं तह
(ख) अधिकृतस्तर दशौं तह
(ग) अधिकृतस्तर नवौं तह
(घ) अधिकृतस्तर आठौं तह
(ङ) अधिकृतस्तर सातौं तह
(च) अधिकृतस्तर छैठौं तह
(छ) सहायकस्तर पाँचौं तह
(ज) सहायकस्तर चौथो तह

(२) यो ऐन प्रारम्भ हुँदाका बखत स्वीकृत दरबन्दीमा करार वा अस्थायी रुपमा कार्यरत हलुका सवारी चालक, हेभी सवारी चालक र कार्यालय सहयोगी पदमा एकपटक प्रदेश लोकसेवा आयोगले स्थायी पदपूर्ति गर्ने प्रक्रिया पुरा गरी स्थायी पदपूर्ति गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थायी पदपूर्ति भई बाँकी रहेको र कुनै किसिमबाट रिक्त हुन आएको हलुका सवारी चालक र कार्यालय सहयोगी पदमा करार सम्बन्धी प्रचलित कानून बमोजिम पदपूर्ति गरिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बाहेक उल्लेखित पदमा ज्यालादारी वा करारमा नियुक्त गर्न पाइने छैन ।

(५) अत्यावश्यक सेवा चाहिने प्रदेश स्वास्थ्य सेवामा स्थायी पदपूर्तिबाट मात्रै सेवा प्रवाह गराउन नसकिएमा करार वा ज्यालादारीमा राख्न सकिनेछ ।

(६) प्रदेश स्वास्थ्य सेवाका चिकित्सक वा अन्य स्वास्थ्यकर्मी अध्ययन वा असाधारण विदामा रहँदा निजको विदा अवधिभर उक्त पदमा करार वा ज्यालादारीमा राखी काममा लगाउन सकिनेछ ।

(७) प्रदेश निजामती सेवामा विभिन्न तहमा तोकिए बमोजिमका प्राविधिक तथा अप्राविधिक पदहरु रहनेछन् ।

(८) प्रदेश सरकारलाई आवश्यक पर्ने वन रक्षक, सशस्त्र वन रक्षक जस्ता पदमा पदपूर्ति गर्न सकिनेछ ।

(९) उपदफा (८) बमोजिमको पदमा पदपूर्ति गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. <u>सेवाका पदहरू</u>: (१) प्रदेश निजामती सेवाका विभिन्न तहमा विशेषज्ञ पद लगायत विभिन्न तहका प्राविधिक तथा अप्राविधिक पदहरू रहनेछन् ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक प्रदेश निजामती सेवामा तोकिए बमोजिमका सहायक तेस्रो तहका पदहरू पनि रहन सक्नेछन् ।

७. <u>कार्य विवरण</u>: (१) प्रदेश सरकारले स्वीकृत गरेको संगठनको कार्य विवरणको आधारमा प्रत्येक निकायले प्रत्येक पदको कार्य विवरण बनाई लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य विवरणमा पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यतासमेत स्पष्ट रूपमा किटान गरिएको हुनु पर्नेछ ।





(३) प्रदेश निजामती कर्मचारीलाई कुनै पदमा पदस्थापन गर्दा दिइने पत्रसँगै निजको कार्य विवरण र कार्य विवरण अनुसारको कामको मूल्याङ्कन गर्ने सूचकाङ्क समेत उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उपलब्ध गराइएको कार्य विवरणको आधारमा प्रदेश निजामती कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी काममा लगाउन सकिनेछ ।

तर आयोजना प्रमुख र कार्यालय प्रमुखसँग अनिवार्य रुपमा कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।

(५) प्रत्येक सुपरीवेक्षकले आर्थिक वर्ष सुरु भएको एक महिनाभित्र आफ्नो मातहतमा काम गर्ने सहायक तेस्रो तह बाहेकका अन्य कर्मचारीलाई उपदफा (१) बमोजिमको कार्य विवरणको आधारमा त्यस्तो कर्मचारीले सम्पादन गर्नुपर्ने कार्यको वार्षिक लक्ष्य निर्धारण गरी जिम्मेवारी तोकी काममा लगाउनु पर्नेछ । त्यस्तो वार्षिक लक्ष्य बमोजिम सम्पादित काम समेतको आधारमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ ।

(६) कार्य विवरणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद– ३

## <u>प्रदेश निजामती सेवाको पदपूर्ति</u>

८. <u>दरबन्दी सिर्जना</u>: (१) प्रदेश निजामती सेवामा रहने पदहरूको दरबन्दी तोकिए बमोजिम सिर्जना हुनेछ ।

(२) कुनै सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा वा नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन

गर्दा वा हेरफेर गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण, सोको औचित्य र उपलब्ध मानव स्रोत समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिई स्वीकृतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त सहमतिको आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सोको मूल्याङ्कन गरी पैंतीस दिनभित्र स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ ।

तर संगठन संरचना र दरबन्दी हेरफेर भएको अवस्थामा त्यस्तो हेरफेर भएको संगठन संरचना र दरबन्दीको मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन पेश गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम प्रदेश सरकारबाट संगठन संरचना र दरबन्दी स्वीकृत भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश किताबखानामा पद दर्ता गरी सोको जानकारी सम्बन्धित मन्त्रालय वा प्रादेशिक निकायमा दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै नयाँ पद सिर्जना भएकोमा उपदफा (४) बमोजिम प्रदेश किताबखानामा पद दर्ता भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा स्थायी दरबन्दी सृजना





गरिने छैन । यस्ता आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा अस्थायी दरबन्दी रहन सक्नेछ ।

तर त्यस्ता आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा रहेको अस्थायी दरबन्दीमा खटिएका वा काजमा गएका कर्मचारीको पद रिक्त मानी स्थायी पदपूर्ति गरिने छैन ।

(७) यस दफा बमोजिम सिर्जना भएको स्थायी पदमा नियुक्त वा बढुवा भएको प्रदेश निजामती कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै निकायमा खटाइएको वा नियुक्त गरिएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त मानी कुनै पनि व्यहोराले पदपूर्ति गरिने छैन ।

(८) यस दफा विपरीत दरबन्दी सिर्जना गरी पूर्ति गरिएको पद स्वतः खारेज हुनेछ र यस दफा विपरीत दरबन्दी सिर्जना गरी पदपूर्ति गर्ने अख्तियारवालाबाट त्यसरी पदपूर्ति गरिएको व्यक्तिले खाएको तलब सुविधा लगायतको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(९) प्रदेश सरकारको समन्वयमा प्रदेश सभामा रहने कर्मचारीको दरबन्दी प्रदेश सभा सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले निर्धारण गर्नेछ ।

९. **प्रदेश निजामती सेवाको पदपूर्तिः** (१) प्रदेश निजामती सेवाको देहायको पदमा देहाय बमोजिम पूर्ति गरिनेछः–

(क) प्रदेश स्वास्थ्य सेवा वाहेकको सेवातर्फ

| तह | खुल्ला | अन्तर सेवा | बढुवा | तह |
|---|---|---|---|---|

| | प्रतियोगिता | प्रतियोगिता | आन्तरिक प्रतियोगितात्मक प्रतिस्पर्धा | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन | कार्यक्षमता मुल्याङ्कन | वृद्धि |
|---|---|---|---|---|---|---|
| सहायक चौथो | ७५% | - | २५% | - | | - |
| सहायक पाचौं | ५०% | १०% | १०% | २०% | १०% | - |
| अधिकृत छैठौं | - | - | - | - | - | १०० % |
| अधिकृत सातौं | ६०% | १०% | १०% | १०% | १०% | - |
| अधिकृत आठौं | - | - | - | - | | १००% |
| अधिकृत नवौं | २०% | १०% | १०% | ३०% | ३०% | - |
| अधिकृत दशौं | - | - | - | - | | १०० % |
| अधिकृत एघारौं | - | - | - | १००% | - | - |

(ख) प्रदेश स्वास्थ्य सेवातर्फ

| | तह | खुल्ला प्रतियोगिता | ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | स्तरवृद्धि | अन्तर सेवा |
|---|---|---|---|---|---|
| (क) | चौथो | १००% | - | - | - |
| (ख) | पाचौं | ६५% | २५% | - | १०% |
| (ग) | छैठौं | - | - | १००% | - |
| (घ) | सातौं (चिकित्सक वाहेक) | ६५% | २५% | - | १०% |
| (ङ) | आठौं (चिकित्सक) | १००% | - | - | - |
| (च) | आठौं (चिकित्सक वाहेक) | - | - | १००% | - |
| (छ) | नवौं (चिकित्सक र नर्सिङ्ग) | २०% | ७०% | - | १०% |
| (ज) | नवौं (चिकित्सक र नर्सिङ्ग वाहेक) | २०% | ७०% | - | १०% |
| (झ) | दशौं | - | - | १००% | - |
| (ञ) | एघारौं | - | १००% | - | - |
| (ट) | बाह्रौं | - | १००% | - | - |



खण्ड ६) अतिरिक्ताङ्क १२, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।३१

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक तह मुनिको पद नभएको सेवा समूह वा उपसमूहको पदमा रिक्त सबै पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।

(३) यस ऐन बमोजिम पदपूर्तिको लागि पदसंख्या निर्धारण गरी प्रदेश लोक सेवा आयोगले विज्ञापन प्रकाशित गर्नेछ।

(४) सहायक तेस्रो पद रिक्त भएमा स्वतः खारेज हुनेछ ।सम्बन्धित कार्यालयले यस्ता पद खारेज भएको जानकारी प्रदेश किताबखानामा पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम खारेज भएको सहायक तेस्रो पदबाट सम्पादन गरिने कार्य न्यूनतम पारिश्रमिक तोकी संस्था वा व्यक्तिसँग करार गरी सेवा करारबाट गराउन सक्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष प्रकारको क्षमता चाहिने र विशेष प्रकारको कार्यसम्पादन गर्नुपर्ने सहायक तेस्रो तहका पद खारेज गरिने छैन ।त्यस्ता पद र सो पदसँग सम्बन्धित सेवा शर्त तोकिए बमोजिम हुनेछ ।

१०. <u>पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाः</u> (१) दफा ९ को उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सोलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

| | |
|---|---|
| (क) महिला | ३३ प्रतिशत |
| (ख) दलित | १४ प्रतिशत |
| (ग) थारु/राना थारु | १३ प्रतिशत |
| (घ) आर्थिक रुपले विपन्न खस आर्य | ११ प्रतिशत |
| (ङ) आदिवासी जनजाति | १० प्रतिशत |
| (च) पिछडिएको क्षेत्र | १० प्रतिशत |
| (छ) अपाङ्ग | ४ प्रतिशत |





| | |
|---|---|
| (ज) मधेशी | ३ प्रतिशत |
| (झ) मुस्लिम | २ प्रतिशत |

<u>स्पष्टीकरण:</u>

(क) यस उपदफाको खण्ड (च) बमोजिमको आरक्षण "क" र "ख" वर्गको अपाङ्गताको प्रमाणपत्र प्राप्त व्यक्तिलाई मात्र उपलब्ध गराइनेछ ।

(ख) यस उपदफाको प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले संघीय कानूनले तोके बमोजिमको स्थान सम्झनु पर्छ ।

(ग) यस उपदफाको प्रयोजनको लागि आर्थिक र सामाजिक रुपमा पछाडि परेका व्यक्ति सम्झनु पर्छ ।

(घ) खण्ड (क), (ख) र (ग) को लागि सम्बन्धित स्थानीय तहको सिफारिस पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित प्रत्येक समूहमा पचास प्रतिशत सम्बन्धित समूहका महिलाका लागि आरक्षित गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ ।

(४) उपदफा (१) र (२) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घाताङ्क (फ्र्याक्सन)

आएमा त्यस्तो घाताङ्क जुन समूहको हकमा आएको हो सो भन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(५) उपदफा (१) र (२) बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नु पर्नेछ र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नु पर्नेछ ।

(६) उपदफा (१) र (२) बमोजिम निर्धारण गरिएको प्रतिशतद्वारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ ।

(७) उपदफा (१) र (२) बमोजिमको प्रतिशत बमोजिम पद संख्या निर्धारण गर्दा कुनै विवाद आएमा प्रदेश लोक सेवा आयोगको निर्णय अन्तिम हुनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रकृतिको कार्य वा पदका लागि महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पद तोक्न सक्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने अधिकृतस्तर नवौं तहको पदको लागि चाहिने न्यूनतम योग्यता सम्बन्धित बिषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था





वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

तर विद्यावारिधिस्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ ।

(१०) उपदफा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निकायमा आंशिक रुपमा काम गरेको अनुभव सो प्रयोजनका लागि गणना हुने छैन ।

<u>स्पष्टीकरण</u> : यस उपदफाको प्रयोजनको लागि "आंशिक रुपमा काम गरेको" भन्नाले प्रति हप्ता चालीस घन्टाभन्दा कम समय गरेको कामलाई जनाउँछ ।

(११) प्रदेश निजामती सेवामा अन्तर सेवाद्वारा पदपूर्ति गर्दा संघीय निजामती सेवा र स्थानीय तहका कर्मचारीलाई प्रतिस्पर्धामा सम्मिलित गराउनु पर्नेछ ।

(१२) प्रदेश निजामती सेवाको पदपूर्तिसम्बन्धी अन्य व्यवस्था र विशेषज्ञ पद पूर्तिसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. <u>पदपूर्तिको माग गर्नेः</u> (१) प्रदेश निजामती सेवाको कुनै पद रिक्त भएमा सम्बन्धित कार्यालयले त्यसरी पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र सोको विवरण आफूभन्दा माथिल्लो निकाय समक्ष पठाउनु पर्नेछ । सो अवधिभित्र विवरण नपठाउने पदाधिकारीलाई विभागीय सजाय हुनेछ ।

(२) उपदफा (१) बमोजिम रिक्त पदको जानकारी प्राप्त भएपछि सो निकायले सरूवाद्वारा पूर्ति गर्न सकिने भए पूर्ति गर्ने र नसकिने भए अधिकृत सातौं तह देखि माथिको पदको हकमा सेवा सञ्चालन गर्ने निकाय मार्फत माग फाराम भरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा

पठाउनु पर्नेछ र सहायक कर्मचारीको हकमा पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा पठाउनु पर्नेछ ।

(३) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सातौं तहदेखि माथिको तहको रिक्त पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा प्रदेश लोकसेवा आयोगमा पुग्ने गरी पदपूर्तिको लागि माग पठाई सेवा सञ्चालन गर्ने निकायलाई समेत जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश निजामती सेवाको पदपूर्तिको लागि माग गर्दा उपदफा (१) बमोजिम रिक्त हुन आएका पद र सो आर्थिक वर्षभित्र अनिवार्य अवकाश तथा बढुवाबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम सम्बन्धित माथिल्लो निकायबाट प्रदेश लोक सेवा आयोगमा माग गर्न लेखी आएपछि सम्बन्धित कार्यालयले प्रदेश लोकसेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा माग आकृति फाराम भरी प्रदेश लोकसेवा आयोगमा पठाउनु पर्नेछ र सोको जानकारी सम्बन्धित माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

१२. <u>पदपूर्तिमा बन्देज:</u> प्रदेश निजामती सेवाको कुनै पनि पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन ।

१३. <u>ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने:</u> (१) यो ऐन प्रारम्भ भएपछि प्रदेश निजामती कर्मचारीले गर्नुपर्ने कामको





लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन ।

तर स्वीकृत दरबन्दीभित्रको कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, माली, स्वीपर, पलम्बर, इलेक्ट्रिसियन र सवारीचालक जस्ता स्थायी पदपूर्ति नहुने पदमा करार वा ज्यालादारीमा पदपूर्ति गर्न सकिनेछ ।

(२) प्रदेश स्वास्थ्य सेवा जस्तो अत्यावश्यक सेवा स्थायी पदपूर्तिबाट मात्रै सेवा प्रवाह गराउन नसकिएमा करार वा ज्यालादारीमा पदपूर्ति गर्न सकिनेछ ।

(३) प्रदेश स्वास्थ्य सेवाका चिकित्सक वा अन्य स्वास्थ्यकर्मी अध्ययन वा असाधारण बिदामा रहँदा निजको बिदा अवधिभर उक्त पदमा करार वा ज्यालादारीमा पदपूर्ति गर्न सकिनेछ ।

१४. <u>प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने:</u> (१) खुल्ला प्रतियोगिता वा अन्तरसेवा प्रतियोगिता र आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ ।

(२) निजामती सेवाको कुनै रिक्त पदमा अस्थायी नियुक्ति गर्नुपर्ने भएमा सम्बन्धीत मन्त्रालयले प्रदेश लोकसेवा आयोगमा लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखि आएमा प्रदेश लोकसेवा आयोगले योग्यताक्रमको सूचीमा रहेका व्यक्तिलाई सम्बन्धित मन्त्रालयको मागको आधारमा अस्थायी नियुक्ति गर्न नाम सिफारिस गरी पठाउनेछ ।

(४) उपदफा (३) बमोजिम सिफारीस भएका व्यक्तिलाई बढीमा ६ महिनाको लागि सम्बन्धित मन्त्रालयले अस्थायी नियुक्ति गर्नेछ ।

(५) उपदफा (४) बमोजिम अस्थायी नियुक्ति गरेको जानकारी सम्बन्धित मन्त्रालयले सात दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनुपर्नेछ ।

(६) यस दफा विपरीत कसैले अस्थायी नियुक्ति गरेमा त्यस्तो नियुक्ति भएको निजामती कर्मचारीले खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१५. नियुक्ति र पदस्थापनः (१) प्रदेश निजामती सेवाको अधिकृत एघारौं तह वा सो भन्दा माथिको तहको पदमा प्रदेश सरकार, अधिकृत नवौं र दशौं तहको पदमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अधिकृत छैठौं, सातौं र आठौं तहको पदमा नियुक्ति तथा पदस्थापन सेवा समूह सञ्चालन गर्ने मन्त्रालयले गर्नेछ। यसरी गरिएको नियुक्ति तथा पदस्थापनको सूचना प्रदेश राजपत्रमा प्रकाशित गरिनेछ ।

(२) प्रदेश निजामती सेवाको सहायकस्तर पाचौं तहभन्दा मुनिको पदमा विभागीय प्रमुख वा कार्यालय प्रमुखले नियुक्ति गर्न सक्नेछ ।

(३) प्रदेश निजामती कर्मचारीको पदस्थापन गर्दा प्रदेश लोक सेवा आयोग वा बढुवा समितिले सिफारिस गरेको एकमुष्ठ योग्यताक्रमका आधारमा गरिनेछ ।

(४) प्रदेश निजामती कर्मचारीको नियुक्ति र पदस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।





१६. व्यक्तिगत विवरण (सिटरोल): (१) प्रदेश निजामती सेवामा नियुक्ति भएका कर्मचारीले नियुक्ति भएको एक महिनाभित्र आफ्नो व्यक्तिगत विवरण तयार गरी कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ । त्यस्तो व्यक्तिगत विवरण सम्बन्धित कार्यालय प्रमुखले प्राप्त गरेको पन्ध्र दिनभित्र सम्बन्धित कर्मचारी मार्फत प्रदेश किताबखानामा पठाउनु पर्नेछ ।

(२) प्रदेश किताबखानाले व्यक्तिगत विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दर्ता गरी अभिलेख राखी सम्बन्धित कर्मचारीलाई संकेत नम्बर उपलब्ध गराउनु पर्नेछ । त्यस्तो संकेत नम्बर कर्मचारीको सरुवा, बढुवा लगायतका पत्राचारमा प्रयोग गरिनेछ ।

(३) कर्मचारीको व्यक्तिगत विवरण दुरुस्त राख्न लगाउने जिम्मेवारी सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ ।

(४) आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ ।

(५) संघबाट प्रदेशमा समायोजन भई आएका कर्मचारीको हकमा राष्ट्रिय किताबखानाबाट त्यस्ता कर्मचारीको विवरण माग गरी प्रदेश किताबखानाले अद्यावधिक गर्नु पर्नेछ ।

१७. उम्मेदवार हुनको लागि अयोग्यताः देहायका व्यक्तिहरू प्रदेश निजामती सेवाको पदमा उम्मेदवार हुन सक्ने छैनन् :-

(क) सहायक पाचौं तह र सोभन्दा मुनिको पदमा अठार वर्ष उमेर पूरा नभएका,

(ख) अधिकृत तहको पदमा एक्काइस वर्ष उमेर पूरा नभएका,

(ग) पुरुष उम्मेदवारको हकमा पैंतीस वर्ष र महिला उम्मेदवारको हकमा चालीस वर्ष उमेर पूरा भइसकेका,

तर संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय तहको सेवामा बहाल रहेका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(घ) भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको प्रदेश निजामती सेवाको पदमा ४० बर्ष नाघेको व्यक्ति उम्मेदवार हुन अयोग्य हुनेछ ।

(ङ) प्रदेश निजामती सेवाको नवौं तहको खुला प्रतियोगितामा ४५ बर्ष नाघेको ।

(च) तोकिएको अपांगता भएका व्यक्तिहरु ४० बर्ष नाघेमा ।

१८. **पदाधिकार र जिम्मेवारीः** (१) देहायको अवस्थामा प्रदेश निजामती कर्मचारीको आफ्नो पदमाथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) बिदामा रहेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) काजमा खटिएको अवधिभर,

(च) कुनै पदमा कायम मुकायम भई काम गरेको अवधिभर ।





(२) देहायको अवस्थामा बाहेक कुनै प्रदेश निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई साठी दिनभन्दा बढी अवधिसम्म राख्न सकिने छैन :-

(क) बिदामा रहेकोमा,

(ख) निलम्बन भएकोमा,

(ग) सेवा समूह अनुसारको पद वा दरबन्दी नभई फाजिलमा परेकोमा ।

(३) उपदफा (२) विपरीत कुनै प्रदेश निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनु पर्ने दायित्व भएको पदाधिकारीलाई विभागीय सजाय हुनेछ ।

१९. **कायम मुकायम र निमित्तः** (१) प्रदेश प्रमुख सचिव, प्रदेश सचिव, कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म बिदामा बसेमा वा प्रचलित कानून बमोजिम कारबाहीमा परेमा सो पदमा तत्काल काम चलाउन समानस्तरको वा बढुवाको लागि योग्यता पुगेको एक तह मुनिको कर्मचारीलाई बढीमा ६ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको शर्त विपरीत कुनै कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असूलउपर गरिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि अन्य कर्मचारीलाई पुनः सोही पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन ।

(४) कुनै कार्यालयको प्रमुख कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा कार्यालयको कर्मचारीमध्ये निकटतम वरिष्ठ कर्मचारीले निजको निमित्त भई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "दैनिक कार्य सञ्चालन" भन्नाले आर्थिक दायित्व पर्ने कार्य, अर्धन्यायिक प्रकृतिको कार्य र कार्यालय प्रमुखले आफैंले गर्नुपर्ने कार्यबाहेक त्यस्तो पदले दैनिक रुपमा सम्पादन गर्नुपर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ ।

२०. **शपथ ग्रहणः** पहिलोपटक नियुक्ति भई आफ्नो कार्यभार सम्हाल्नुअघि प्रत्येक प्रदेश निजामती कर्मचारीले तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।

२१. **परीक्षणकालः** (१) प्रदेश निजामती सेवाको स्थायी पदमा नयाँ नियुक्ति गर्दा महिला कर्मचारीको हकमा छ महिना र पुरुष कर्मचारीको हकमा एक वर्षको परीक्षणकालमा रहने गरी गरिनेछ।

(२) परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ । यसरी नियुक्ति बदर नगरिएका कर्मचारीको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ ।

तर प्रदेश निजामती सेवामा एक पटक परीक्षणकाल पूरा गरेको कर्मचारीलाई पुनः परीक्षणकालमा राखिने छैन ।

(३) संघीय निजामती सेवा र स्थानीय सेवामा परीक्षणकाल समाप्त भइसकेका कर्मचारी प्रदेश निजामती सेवामा नियुक्त भएमा निजलाई परीक्षणकालमा राखिने छैन ।





२२. **प्रमुख सचिवको पदावधिः** उमेरको हद ननाघ्ने गरी प्रमुख सचिवको पदावधि तीन वर्षको हुनेछ ।

## परिच्छेद– ४

## जिम्मेवारी र उत्तरदायित्व

२३. **कार्यालय प्रमुखको जिम्मेवारीः** कार्यालय प्रमुख देहायका विषयमा जिम्मेवार हुनु पर्नेछः-

(क) आफ्नो कार्यालयको कामलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाई सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने,

(ख) आफ्नो कार्यालयमा व्यवस्थित र नियमित आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने

(ग) कार्यालयमा ढिलासुस्ती, अनियमितता, अनुशासनहीनता र लापरवाही हुन नदिने,

(घ) सेवा प्रवाहको लागि आवश्यक स्रोत साधनको व्यवस्था मिलाउने,

(ङ) सेवाप्रवाहमा निरन्तर सुधार, सृजनशीलता र नवप्रवर्तनको पहल र प्रोत्साहन गर्ने।

२४. **प्रदेश निजामती कर्मचारीको जवाफदेहीताः** (१) प्रदेश निजामती कर्मचारीले सेवाग्राहीप्रति शिष्ट र मर्यादित व्यवहारका साथ जवाफदेहीपूर्वक कार्यसम्पादन गर्नु पर्नेछ ।

(२) प्रदेश निजामती कर्मचारीको लापरवाही वा ढिलासुस्तीको कारणले सेवाग्राहीलाई हानि नोक्सानी पुग्न गएमा त्यसको क्षतिपूर्ति सम्बन्धित कर्मचारीले व्यहोर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **प्रदेश निजामती कर्मचारीको उत्तरदायित्वः** सरकारी कामको सिलसिलामा प्रदेश निजामती कर्मचारीले संविधान र कानूनको पूर्ण परिपालना गरी देहाय बमोजिमको उत्तरदायित्व बहन गर्नु पर्नेछ :-

(क) आफूलाई अख्तियारी दिने अधिकारी वा कार्यालय प्रमुखप्रति,

(ख) आफूले गरेको निर्णय वा प्रवाह गरेको सेवाबाट प्रभावित हुने सरोकारवाला वा सेवाग्राहीप्रति ।

## परिच्छेद-५

## सरुवा र काज

२६. **सरुवा गर्ने अधिकारः** (१) प्रदेश निजामती कर्मचारीलाई प्रदेशको विभिन्न स्थानको अनुभव समेत दिलाउनका लागि उपदफा (४) बमोजिम सरुवा गरिनेछ र त्यस्तो सरुवा गर्ने अधिकार अख्तियारवालालाई हुनेछ ।

तर एक मन्त्रालय वा अन्तर्गतको कार्यालयको प्रदेश निजामती कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको कार्यालयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरुवा गर्नेछ ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत बाह्रौं र एघारौं तहका कर्मचारीको सरुवा वा पदस्थापना प्रदेश सरकारले गर्नेछ । अधिकृत दशौं र नवौं तहका कर्मचारीको सरुवा वा पदस्थापना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ ।





(३) आफ्नो मन्त्रालय र मातहतको कार्यालयमा कार्यरत अधिकृतस्तर आठौं तह र सोभन्दा मुनिका कर्मचारीको सरुवा वा पदस्थापना सम्बन्धित मन्त्रालयले गर्नेछ ।

(४) अधिकृत बाह्रौं र एघारौं तहका कर्मचारीलाई समान्यतया कम्तीमा एक वर्ष र सोभन्दा मुनिका कर्मचारीलाई दुई वर्ष पूरा नभई सरुवा गरिने छैन ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिए भए तापनि प्रदेश प्रशासन सेवा अन्तर्गत लेखा समूह र राजश्व समूहका अधिकृतस्तर आठौं तह र सोभन्दा मुनिका कर्मचारीको सरुवा आर्थिक मामिला मन्त्रालयले गर्नेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्रदेश निजामती कर्मचारीलाई निजको सरुवा पत्रमा तोकिएको अवधि नपुग्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई सरुवा गर्न सकिनेछः–

(क) कुनै स्थानमा कार्यरत प्रदेश निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने कुरा प्रदेश सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा,

(ख) कुनै प्रदेश निजामती कर्मचारीलाई विशेष जिम्मेवारी दिनु परेमा,

(ग) कुनै प्रदेश निजामती कर्मचारीलाई विभागीय सजाय गर्नु परेमा,

(घ) कुनै प्रदेश निजामती कर्मचारीलाई निज कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएमा,

(ङ) प्रदेश निजामती सेवाको कुनै दरबन्दी कटौती भई सो दरबन्दीमा कार्यरत कर्मचारी फाजिलमा परेको र निजलाई सोही जिल्लास्थित अन्य कार्यालयमा समेत समायोजन गर्न सक्ने अवस्था नरहेमा ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन बिदामा रहेको वा स्वतः निलम्बनमा रहेको वा छ महिनाभन्दा बढी अवधिसम्म अन्य कुनै बिदामा रहेको वा तीन महिनाभन्दा बढी अवधि अन्यत्र काजमा खटिएको वा कुनै खास कामको लागि वा कुनै खास आयोजना कार्यान्वयन गर्नको लागि खटाइएको प्रदेश निजामती कर्मचारी कार्यालय प्रमुख वा विभागीय प्रमुख भए पदाधिकार रहेको मन्त्रालयको सिफारिसमा सो अवधिभर विशेष पद सिर्जना गरी त्यस्तो पदको कर्मचारीको पदाधिकार प्रादेशिक निकायमा सार्न सकिनेछ ।

(८) उपदफा (४) बमोजिमको अवधि नपुग्दै कुनै कर्मचारीलाई सरुवा गर्नु परेमा सरुवा गर्नु परेको कारण खुलाई सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(९) यस दफा विपरीत सरुवा गर्ने पदाधिकारीलाई अख्तियारवालाले विभागीय सजाय गर्नेछ र त्यस्तो सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रद्द गर्नेछ ।





तर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गरेको सरुवा भए प्रदेश सरकारले रद्द गर्नेछ।

(१०) सरुवा सम्बन्धी व्यवस्थालाई पूर्वानुमान योग्य बनाउन प्रदेश सरकारले मापदण्ड बनाउन सक्नेछ।

(११) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. <u>**काज सम्बन्धी व्यवस्था:**</u> (१) प्रदेश निजामती कर्मचारीलाई निज कार्यरत रहेको मन्त्रालय, सचिवालय, आयोग वा कार्यालयबाट अन्य स्थानमा काजमा खटाउन सकिनेछ । यसरी काज खटाउँदा एक वर्षमा तीन महिनाभन्दा बढी अवधिको लागि खटाउन पाइने छैन ।

तर तालिमको हकमा यस उपदफामा उल्लिखित अवधि लागू हुने छैन ।

(२) कुनै पनि प्रदेश निजामती कर्मचारीलाई प्रदेश निजामती सेवाको पद नभएको निकायमा र स्वीकृत अस्थायी दरबन्दीमा काजमा खटाउँदा वा काज अवधि समाप्त नहुँदै काज फिर्ता गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिनु पर्नेछ । यस्तो काजको अवधि एक पटकमा एक वर्षभन्दा बढी हुने छैन ।

तर सहायक तहका कर्मचारीलाई काजमा खटाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिनुपर्ने छैन ।

(३) निर्वाचन, लेखापरीक्षण, तथ्याङ्क संकलन, नापी टोली, खानी सर्वेक्षण, कुनै घटनाको जाँचबुझ वा छानबिन, विपद् व्यवस्थापन, महामारी र अस्थायी प्रकृतिका आयोग तथा समिति जस्ता काममा एक पटकका लागि तीन

महिनाभन्दा बढी कुनै पनि कर्मचारीलाई काज खटाउनुपर्ने भएमा काज खटाउने निकायको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले काजमा खटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै मन्त्रालय, सचिवालय वा आयोगको प्रदेश निजामती कर्मचारीलाई अर्को मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गत खटाउनु पर्ने भएमा काजमा खटिने निकायको माग र कर्मचारीको पदाधिकार रहेको निकायको सहमतिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले काजमा खटाउन सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि कार्यालयको विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा कार्यरत रहेको कर्मचारीलाई सो पदमा पदाधिकार राखी अन्यत्र निकाय वा आयोजनामा काजमा खटाइने छैन ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अतिरिक्त समूहमा पदाधिकार भएको कर्मचारीलाई सेवा, समूह मिल्ने गरी जुनसुकै निकायमा कामकाज गर्न खटाउन सक्नेछ र कुनै प्रदेश निजामती कर्मचारीको विशेषज्ञताको सेवा लिनको लागि अन्तरनिकायको कार्यमा कुनै कर्मचारीलाई कामकाज गर्न काजमा खटाउनुपर्ने भएमा कर्मचारी कार्यरत निकाय र काजमा लिने निकायको सहमतिमा बढीमा तीन महिनाको लागि प्रदेश सरकारले काजमा खटाउन सक्नेछ ।

(७) यस दफा बमोजिमको काजको अवधि समाप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो कर्मचारीलाई





निजको पदाधिकार रहेको कार्यालयमा हाजिर हुन जानु भनी रमाना दिई पठाउनु पर्नेछ । काजको अवधिभन्दा बढी समय काज खटिएको निकायमा हाजिर गर्ने र हाजिर गराउने कर्मचारीलाई विभागीय सजाय गरिनेछ ।

(८) यस दफा बमोजिम काज अवधि समाप्त भएपछि पदाधिकार रहेको निकायमा हाजिर हुन नजाने कर्मचारीलाई त्यस्तो अवधिको तलब भत्ता भुक्तानी दिइने छैन । त्यस्तो कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेमा त्यसरी भुक्तानी दिने कर्मचारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको माग बमोजिमको रिक्त पदमा प्रदेश निजामती कर्मचारीलाई बढीमा एक वर्ष काजमा खटाउन सकिनेछ ।

(१०) काज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६
## बढुवा र स्तरवृद्धि

२८. **बढुवा समिति** : (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक प्रदेश निजामती सेवाको अधिकृत पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमका बढुवा समिति रहनेछन्ः-

(क) अधिकृतस्तर बाह्रौं तहको प्रमुख सचिवको पदमा बढुवा गर्दा बहालवाला अधिकृतस्तर एघारौं तहका कर्मचारी मध्येबाट प्रदेश सरकारले ज्येष्ठता र

कार्यकुशलताको आधारमा छनौट गरी बढुवा गर्नेछ ।

(ख) अधिकृतस्तर एघारौं, नवौं र सातौं तहको पदका लागि,-

(१) प्रदेश लोकसेवा आयोगको अध्यक्ष – अध्यक्ष

(२) प्रमुख सचिव, प्रदेश सरकार – सदस्य

(३) प्रदेश लोकसेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य – सदस्य

(४) प्रदेश लोक सेवा आयोगद्वारा मनोनित सम्बन्धित विषयको विशेषज्ञ – सदस्य

(५) अधिकृतस्तर एघारौं तहको कर्मचारी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य सचिव

(ग) सहायकस्तर पाँचौ तहको पदका लागि,-

(१) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – अध्यक्ष

(२) प्रदेश लेखा नियन्त्रक – सदस्य

(३) प्रदेश लोकसेवा आयोगको कार्यालयको अधिकृतस्तर नवौं वा दशौं तहको कर्मचारी – सदस्य





(४) प्रदेश लोक सेवा आयोगको अध्यक्षद्वारा मनोनित सम्बन्धित विषयको विशेषज्ञ – सदस्य

(५) सेवा समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयले तोकेको अधिकृतस्तर नवौं वा दशौं तहको कर्मचारी – सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको बढुवा समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र खण्ड (ग) बमोजिमको बढुवा समितिको सचिवालय सेवा समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयमा रहनेछ ।

(३) बढुवा समितिले बढुवा सिफारिस गर्दा अपनाउने कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) बढुवा समितिले बढुवा सिफारिसको नामावली प्रकाशन गर्दा बढुवाको लागि आवेदन गरेका सबै सम्भाव्य उम्मेदवारको योग्यताक्रम प्रकाशन गर्नु पर्नेछ ।

(५) बढुवा समितिले बढुवा आवेदन फाराम र आवश्यक कागजात प्राप्त गरेको मितिले साठी दिनभित्र बढुवाको नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(६) अधिकृत एघारौं तहको पदमा बढुवा गर्ने प्रयोजनको लागि देहाय बमोजिमका सेवाको समूहीकरण (क्लस्टर) गरिएको छ :-

(क) प्रदेश इन्जिनियरिङ्ग सेवा,

(ख) प्रदेश कृषि सेवा,

(ग) प्रदेश प्रशासन सेवा,

(घ) प्रदेश वन सेवा,

(ङ) प्रदेश शिक्षा सेवा,

(च) प्रदेश स्वास्थ्य सेवा

(७) प्रदेश प्रशासन सेवाको अधिकृत एघारौं तहको पदमा बढुवाका लागि प्रदेश आर्थिक योजना तथा तथ्याङ्क सेवा र प्रदेश प्रशासन सेवाका अधिकृत दशौं तहका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्।

(८) प्रदेश इन्जिनियरिङ्ग सेवाको अधिकृत एघारौं तहको पदमा बढुवाका लागि सोही सेवाका दशौं तहका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्।

(९) प्रदेश कृषि सेवाको अधिकृत एघारौं तहको पदमा बढुवाका लागि सोही सेवाका दशौं तहका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्।

(१०) प्रदेश वन सेवाको अधिकृत एघारौं तहको पदमा बढुवाका लागि सोही सेवाका अधिकृत दशौं तहका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन् ।

(११) प्रदेश शिक्षा सेवाको अधिकृत एघारौं तहको पदमा बढुवाका लागि सोही सेवाका अधिकृत दशौं तहका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन् ।

(१२) प्रदेश स्वास्थ्य सेवाको अधिकृत एघारौं तहको. पदमा बढुवाका लागि सोही सेवाका अधिकृत दशौं तहका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन् ।





(१३) प्रदेशमा रहने न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी सरहको अधिकृतस्तर एघारौं तहको पदमा संघीय कानून बमोजिम पदपूर्ति हुनेछ।

२९. <u>बढुवाका लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता:</u> (१) बढुवाका लागि उम्मेदवार हुने पदको तहभन्दा एक तहमुनिको पदमा बढुवाको लागि विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ :-

| बढुवा हुने तह | सेवा अवधि | शैक्षिक योग्यता | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन अङ्क | कार्यक्षमता |
|---|---|---|---|---|
| अधिकृत एघारौं | अधिकृत दशौं तहमा कम्तीमा पाँच वर्ष काम गरेको र कम्तीमा तीस कार्य दिनको सेवाकालीन तालिम लिएको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | पछिल्लो पाँच वर्षको औसत पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अंक प्राप्त गरेको | |
| अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तीमा पाँच वर्ष काम गरेको र कम्तीमा तीस कार्य दिनको सेवाकालीन तालिम लिएको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | पछिल्लो पाँच वर्षको औसत पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अंक प्राप्त गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तिर्ण बापत तीन अंक र भौगोलिक अंक |

| | | | | |
|---|---|---|---|---|
| अधिकृत सातौं | अधिकृत छैठौं तहमा कम्तीमा पाँच वर्ष काम गरेको र कम्तीमा तीस कार्य दिनको सेवाकालीन तालिम लिएको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण | पछिल्लो पाँच वर्षको औसत पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अंक प्राप्त गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तिर्ण बापत तीन अंक र भौगोलिक अंक |
| सहायक पाचौं | सहायक चौंथो तहमा कम्तीमा तीन वर्ष काम गरेको र कम्तीमा तीस कार्य दिनको सेवाकालीन तालिम लिएको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.एल.सी. वा एस.ई.ई. वा सो सरह उत्तीर्ण | पछिल्लो तीन वर्षको औसत पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अंक प्राप्त गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण बापत तीन अंक र भौगोलिक अंक |

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भई बढुवाका लागि उम्मेदवार हुने कर्मचारीको हकमा समायोजन हुनु पूर्वको सेवा अवधिसमेत हाल बहाल रहेको सेवा अवधिमा गणना गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, मधेशी, दलित, मुस्लिम, आदिवासी जनजाति, थारू, आर्थिक रूपले विपन्न खस आर्य, पिछडिएको क्षेत्र र अपाङ्गता भएको कर्मचारीको हकमा उपदफा (१) मा





उल्लिखित सेवा अवधिमा एक वर्ष कम सेवा अवधि भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन् ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बढुवा हुने पदको न्यूनतम शैक्षिक योग्यता, बढुवाका लागि आवश्यक पर्ने सेवा अवधि, सेवा समुहसँग सम्बन्धित तीस कार्यदिनको सेवाकालीन तालिम लिएको व्यक्ति र यो ऐन प्रारम्भ हुनुभन्दा अगाडी कर्मचारी समायोजन ऐन,२०७५ अनुसार प्रदेशमा समायोजन भई आएका कम्प्यूटर अपरेटर प्रदेश निजामती प्रशासन सेवाको तोकिए बमोजिमका समूहमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

३०. <u>**बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नपाउनेः**</u> दफा २९ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि प्रदेश निजामती कर्मचारी देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलबवृद्धि रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ङ) दफा ४६ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा

वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(च) प्रदेश स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानुन बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

३१. <u>बढुवा नियुक्तिको रोक्का तथा फुकुवाः</u> कुनै प्रदेश निजामती कर्मचारीको बढुवाको लागि सिफारिस भइसकेपछि बढुवा नियुक्ति नपाउँदै निलम्बन वा बढुवा रोक्का वा तलबवृद्धि रोक्का भएमा उल्लिखित अवधिभर निजको बढुवा नियुक्ति रोक्का गरिनेछ र निजको निलम्बन फुकुवा भएमा वा रोक्का अवधि समाप्त भएपछि निज निलम्बन वा रोक्का नभए सरह मानी नियुक्ति दिई ज्येष्ठता कायम गरिनेछ ।

३२. <u>ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको आधारः</u> (१) बढुवा समितिले प्रदेश निजामती कर्मचारीले ज्येष्ठता र कार्यसम्पादन बापत पाएको कूल अङ्कको आधारमा बढुवाको लागि सिफारिस गर्नेछ ।

(२) प्रदेश निजामती कर्मचारीलाई देहाय बमोजिमको अङ्क दिइनेछ :-

(क) कार्य सम्पादन मूल्याङ्कन बापत - चालीस अङ्क
(ख) ज्येष्ठता बापत - तीस अङ्क
(ग) शैक्षिक योग्यता बापत - दश अङ्क
(घ) भौगोलिक क्षेत्रमा काम गरे बापत -अठार अङ्क
(ङ) तालिम बापत - दुई अङ्क





(३) सम्भाव्य उम्मेदवारको कार्य सम्पादन मूल्याङ्क बापत अङ्क गणना गर्दा आषाढ मसान्तसम्मको हिसावले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ ।

३३. <u>कार्य सम्पादनको मूल्याङ्कनः</u> (१) प्रदेश निजामती कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कन गर्न तोकिए बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ ।

(२) प्रदेश निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कूल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः–

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम - पच्चीस अङ्क
(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम - दश अङ्क
(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम - पाँच अङ्क

(३) सुपरीवेक्षक, पुनरावलोकनकर्ता, पुनरावलोकन समितिले प्रदेश निजामती कर्मचारीको कार्यसम्पादन बापत अङ्क दिँदा यस दफा र कार्य सम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आधार अनुरूप दिनु पर्नेछ ।

(४) प्रदेश निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन वार्षिक रुपमा गरिनेछ ।

(५) सहायक तहका प्रदेश निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित कार्यालय प्रमुख तथा विभागीय प्रमुखले तोकिएको अवधिभित्र मूल्याङ्कन गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति प्रदेश लोक सेवा

आयोग, एकप्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित कार्यालयमा राख्नु पर्नेछ ।

तर कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भई आएका कार्यरत कर्मचारीको हकमा थप एक प्रति कार्यसम्पादन मूल्याङ्कन फाराम संघीय निजामती सेवा ऐन बमोजिमको बढुवा समितिमा पठाउनु पर्नेछ ।

(६) अधिकृत तहका प्रदेश निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगको सचिवले तोकिएको अवधिभित्र मूल्याङ्कन गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति प्रदेश लोकसेवा आयोग र एक प्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगमा राख्नु पर्नेछ ।

तर कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भई आएका कार्यरत कर्मचारीको हकमा थप एक प्रति कार्यसम्पादन मूल्याङ्कन फाराम संघीय निजामती ऐन बमोजिमको बढुवा समितिमा पठाउनु पर्नेछ ।

(७) कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रत्येक निकायले तोकिएको अवधिभित्र आफूले मूल्याङ्कन गरेको फाराम पेश गर्नुपर्ने निकायमा पठाएको नामावली सहितको सूचना सात दिनभित्र आफ्नो कार्यालयको सूचना पाटी र वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(८) एक वर्षमा एकभन्दा बढी कार्यालयमा कार्यरत कर्मचारीले सरुवा भई रमाना लिई आउँदा तोकिए





बमोजिमको ढाँचामा सम्बन्धित सुपरीवेक्षकबाट कार्यसम्पादन मूल्याङ्कन फाराम भराई सो समेत लिई आउनु पर्नेछ ।

(९) प्रदेश निजामती कर्मचारीले आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम भरी तोकिएको समयावधिभित्र सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ । त्यस्तो अवधिभित्र दर्ता गर्न नसकी सोको मनासिब कारणसहित म्याद थपको लागि सम्बन्धित कर्मचारीले निवेदन दिएमा र सुपरीवेक्षकले निवेदनमा उल्लिखित कारण मनासिब देखेमा तोकिएको समयावधि समाप्त भएको मितिले पन्ध्र दिनसम्मको म्याद थप गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम थपिएको म्यादपछि सोही आर्थिक वर्षभित्र कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता हुन आएमा दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फाराममा मूल्याङ्कन बापत कुल प्राप्ताङ्कबाट पुनरावलोकन समितिले एक अङ्क घटाउनेछ ।

(११) कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने समयावधिमा कुनै प्रदेश निजामती कर्मचारी वैदेशिक तालिम, गोष्ठी वा अध्ययन भ्रमण आदिमा काजमा जानुपर्ने अवस्था परेमा त्यसरी जानुभन्दा अगावै कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ । त्यसरी दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फारामलाई निर्धारित समयमै दर्ता भएको मानी मूल्याङ्कन गर्नु पर्नेछ ।

(१२) प्रदेश निजमती कर्मचारीले समयमा नै भरी दर्ता गरेको कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको अवधिभित्र मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय सजाय गरिनेछ ।

(१३) प्रत्येक वर्ष पुनरावलोकन समितिबाट कार्यसम्पादन मूल्याङ्कन भइसकेपछि सम्बन्धित कर्मचारीले त्यस वर्ष प्राप्त गरेको कार्यसम्पादन मूल्याङ्कनको कूल अङ्क निजले निवेदन दिई माग गरेमा पुनरावलोकन समितिको सचिवालयले जानकारी दिनु पर्नेछ ।

तर पुनरावलोकन समितिले दिएको अङ्क जानकारी गराइने छैन ।

(१४) उपदफा (१३) बमोजिम जानकारी लिएपछि सुपरीवेक्षक र पुनरावलोकनकर्ताले गरेको मूल्याङ्कन कुनै कर्मचारीलाई चित्त नबुझेमा सोको ठोस आधार र कारण सहित सात दिनभित्र तोकिए बमोजिमको अधिकारी समक्ष उजुरी गर्न सक्नेछ । त्यसरी उजुरी गरेकोमा त्यस्तो अधिकारीले उजुरी उपर सम्बन्धित सुपरीवेक्षक र पुनरावलोकनकर्तासँग परामर्श गरी आवश्यक छानबिन गर्नेछ र आवश्यक देखिएमा त्यस्तो मूल्याङ्कन फाराममा प्राप्त अङ्क तोकिए बमोजिम संशोधन गर्न सक्नेछ ।

(१५) वार्षिक रूपमा गरिने कार्य सम्पादन मूल्याङ्कनबापत सुपरीवेक्षक वा पुनरावलोकनकर्ताले ९५ प्रतिशतभन्दा बढी वा ७५ प्रतिशतभन्दा कम अङ्क प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ र ७५ प्रतिशतभन्दा कम अङ्क दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(१६) कार्य सम्पादन मूल्याङ्कनमा पुनरावलोकन समितिलाई सुपरीवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैले गरेको मूल्याङ्कन चित्त नबुझेमा सोको स्पष्ट कारणसमेत





खुलाई फिर्ता पठाउन सक्नेछ । त्यसरी फिर्ता पठाएकोमा सम्बन्धित मूल्याङ्कनकर्ताले पुनः मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कनमा संशोधन गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पठाउनु पर्नेछ ।

(१७) कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ ।

तर

(क) अध्ययन वा तालिममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा अध्ययन, तालिम वा निलम्बन अवधिको कार्यसम्पादन मूल्याङ्कनबापत त्यस्तो अध्ययन वा तालिममा जानुभन्दा वा निलम्बन हुनुभन्दा तत्काल अघिको कार्यसम्पादन मूल्याङ्कनमा जति अङ्क पाएको छ सोही अनुपातमा अङ्क गणना गरिनेछ ।

(ख) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेदवारको हिसाब गरिनेछ र त्यस्तो बिदा अवधिको कार्यसम्पादन मूल्याङ्कन फाराम भरिने छैन। असाधारण बिदामा बसेको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा

असाधारण बिदामा बसेको अवधि कटाई सोभन्दा अगाडि वा पछाडिका वर्षहरूका बढुवाको लागि आवश्यक पर्ने अवधिको कार्यसम्पादन मूल्याङ्कन बापतको अङ्क गणना गरिनेछ ।

(१८) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. **ज्येष्ठताको मूल्याङ्कन :** निजामती कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क दिंदा हाल बहाल रहेको देहाय बमोजिमको तहमा काम गरे बापत देहायको दरले बढीमा तीस अङ्क दिइनेछ :-

(क) सहायकस्तर पाँचौ तह र सोभन्दा मुनिको पदमा काम गरे बापत प्रत्येक वर्षको अङ्क ३.७५ को दरले,

(ख) अधिकृतस्तर छैठौं, सातौं, आठौं तहको पदमा काम गरे बापत प्रत्येक वर्षको अङ्क ३.० को दरले,

(ग) अधिकृतस्तर नवौं र सोभन्दा माथिको तहको पदमा काम गरे बापत प्रत्येक वर्षको अङ्क २.५ को दरले ।

तर

(१) ज्येष्ठता बापत अङ्क गणना गर्दा एक वर्षभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ ।





(२) यस दफाको प्रयोजनको लागि गयल भएको वा असाधारण बिदामा बसेको अवधिको अङ्क दिइने छैन ।

३५. **भौगोलिक क्षेत्रको बिभाजन :** (१) प्रदेश निजामती कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा देहायको विभिन्न भौगोलिक क्षेत्रलाई क्रमशः "क", "ख", "ग" र "घ" चार वर्गमा विभाजन गरी देहाय बमोजिमको पदमा ती मध्ये एक वा एकभन्दा बढी वर्गमा काम गरेको अनुभव बापत सोह्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिमको अङ्क दिइनेछ :-

(क) सहायकस्तर पाँचौ तह र सोभन्दा मुनिको पदमा,-

(१) "क" वर्गमा काम गरे बापत प्रत्येक वर्षको अङ्क ५.०० का दरले,

(२) "ख" वर्गमा काम गरे बापत प्रत्येक वर्षको अङ्क ३.५० का दरले,

(३) "ग" वर्गमा काम गरे बापत प्रत्येक वर्षको अङ्क २.५० का दरले,

(४) "घ" वर्गमा काम गरे बापत प्रत्येक वर्षको अङ्क १.५० का दरले ।

(ख) अधिकृतस्तर छैठौं, सातौं, आठौं तहको पदमा,-

(१) "क" वर्गमा काम गरे बापत प्रत्येक वर्षको अङ्क ५.०० का दरले,

(२) "ख" वर्गमा काम गरे बापत प्रत्येक वर्षको अङ्क ३.५० का दरले,

(३) "ग" वर्गमा काम गरे बापत प्रत्येक वर्षको अङ्क २.५० का दरले,

(४) "घ" वर्गमा काम गरे बापत प्रत्येक वर्षको अङ्क १.५० का दरले ।

(ग) अधिकृतस्तर नवौं र सोभन्दा माथिको तहको पदमा,-

(१) "क" वर्गमा काम गरे बापत प्रत्येक वर्षको अङ्क ५.०० का दरले,

(२) "ख" वर्गमा काम गरे बापत प्रत्येक वर्षको अङ्क ३.५० का दरले,

(३) "ग" वर्गमा काम गरे बापत प्रत्येक वर्षको अङ्क २.५० का दरले,

(४) "घ" वर्गमा काम गरे बापत प्रत्येक वर्षको अङ्क १.५० का दरले ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कुनै कर्मचारीले भौगोलिक क्षेत्र बापत प्राप्त गरिसकेको अङ्क घट्ने छैन ।

(३) उपदफा (१) को प्रयोजनका लागि विभिन्न भौगोलिक क्षेत्रको विवरण तोकिए बमोजिम हुनेछ ।

(४) कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा दुईसय तेत्तिस दिन रुजू हाजिर नभई सो भौगोलिक क्षेत्रको अङ्क पाइने छैन । दुईसय तेत्तिस दिनभन्दा बढी अवधिको लागि दामासाहीका दरले सोही भौगोलिक क्षेत्रको र सोभन्दा कम अवधिको लागि जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "घ" वर्ग सरहको अङ्क दिइनेछ । भौगोलिक क्षेत्रमा काम गरेबापत पाउने अङ्क जुन तहमा बढुवा हुने हो सो





तहभन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ ।

(५) अध्ययन बिदा तथा बैदेशिक तालिममा काजमा जाने कर्मचारीलाई "घ" बर्गको लागि तोकिएको अङ्कको आधा अङ्क दिइनेछ ।

३६. **<u>शैक्षिक योग्यता र तालिमको मूल्याङ्कनः</u>** (१) प्रदेश निजामती कर्मचारीलाई शैक्षिक योग्यताको अङ्क दिँदा निजामती सेवाको कुनै पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत एकमुष्ठ आठ अङ्क र सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको सेवा, समूह वा उपसमूहसँग सम्बन्धित बिषयको एक अतिरिक्त शैक्षिक उपाधि बापत एकमुष्ठ दुई अङ्क दिइनेछ । सेवा प्रवेश गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक उपाधि मात्र पाएको अवस्थामा पनि सोही बराबरको दुबै अङ्क दिइनेछ ।

(२) दफा ९ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम अधिकृतस्तर नवौं तह वा सो सरह वा सोभन्दा माथिको पदमा बढुवाको लागि पनि अधिकृतस्तर सातौं तह वा सो सरहको सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

(३) सेवाकालीन तालिम बापत प्रथम श्रेणीको लागि २ अङ्क, द्वितीय श्रेणीको लागि १.७५ अङ्क र तृतीय श्रेणीको लागि १.५ अङ्क प्रदान गरिनेछ ।

(४) प्रदेश निजामती कर्मचारीलाई तालिमको अङ्क दिँदा एक महिना वा सोभन्दा बढी अवधिको सेवासँग

सम्बन्धित बिषयको सेवाकालीन तालिम बापत अङ्क दिइनेछ । तालिमको अङ्क गणना गर्दा जुन तहमा छँदा तालिमको लागि मनोनयन भएको हो सो अङ्क सोही तहको लागि मात्र गणना गरिनेछ।

**स्पष्टीकरण:** "एक महिनाको तालिम" भन्नाले तीस कार्यदिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित तालिमलाई जनाउँछ ।

(५) प्रदेश निजामती कर्मचारीले शैक्षिक योग्यता र सेवाकालीन तालिम बापतको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ र सो पेश नगरेमा त्यस बापत अङ्क दिइने छैन ।

(६) प्रदेश निजामती कर्मचारीलाई बढुवा प्रयोजनको लागि दरखास्तसँग पेश गरेको शैक्षिक योग्यता सो सेवा, समूह, उपसमूहसँग सम्बन्धित हो वा होइन भन्ने सम्बन्धमा तोकिए बमोजिमको सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ । बढुवा प्रयोजनको लागि दरखास्तसँग पेश गरेको शैक्षिक योग्यताको सम्बद्धता निर्धारण बढुवा समितिको बैठक बस्नुभन्दा अगाडिको मितिसम्म भएमा त्यस्तो शैक्षिक योग्यताको अङ्क बढुवाको लागि गणना गरिनेछ ।

(७) यस दफाको अधीनमा रही तालिम दिने संस्था र तालिमको स्तरसम्बन्धी व्यवस्था सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयसँग समन्वय गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोके बमोजिम हुनेछ ।

३७. **ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा:** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको





लागि सिफारिस गर्दा बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई देहाय बमोजिमको आधारमा बढुवाको सिफारिस गर्नेछः-

(क) बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औषतमा पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरेको,

(ख) दफा २९ बमोजिम बढुवाका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको,

(ग) बढुवा हुने पदभन्दा एक तह मुनीको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा तीस कार्यदिन वा सो भन्दा बढीको सेवाकालीन तालिम लिएको,

(घ) हाल बहाल रहेको तहमा भौगोलिक क्षेत्रमा काम गरे बापत दफा ३५ बमोजिम पूरा अङ्क प्राप्त गरेको ।

तर भौगोलिक क्षेत्रमा काम गरे बापत पूरा अङ्क प्राप्त गरेको सम्भाव्य उम्मेदवार नभएमा वा छुट्याइएको रिक्त पदमा सम्भाव्य उम्मेदवार नपुग हुने अवस्था भएमा त्यस्तो पदमा भौगोलिक क्षेत्रमा काम गरे बापत पूरा अङ्क प्राप्त

नगरेको कर्मचारीलाई पनि सम्भाव्य उम्मेदवार कायम गरी बढुवा गरिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि ज्येष्ठता निर्धारण गर्दा देहायको आधारमा गरिनेछः-

(क) बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा ज्येष्ठता लागू भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम ज्येष्ठता निर्धारण हुन नसकेमा सो पदमा प्रदेश लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसको योग्यताक्रमको आधारमा,

(ग) खण्ड (ख) बमोजिम समेत ज्येष्ठता निर्धारण हुन नसकेमा सो भन्दा तल्लो तहको पदमा ज्येष्ठता लागू भएको मितिको आधारमा,

(घ) खण्ड (ग) बमोजिम समेत ज्येष्ठता निर्धारण हुन नसकेमा उमेरको ज्येष्ठताको आधारमा ।

३८. <u>स्तरवृद्धिः</u> (१) प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीको देहाय बमोजिम तहवृद्धि गरिनेछ :-

(क) स्वास्थ्य सेवा वाहेकका कर्मचारीको लागि

| क्र.सं. | हालको तह | तहवृद्धि हुने तह | सेवा अवधि | कार्य सम्पादन मूल्याङ्कन अङ्क |
|---|---|---|---|---|
| १ | पाचौं | छैटौं | पाँच बर्ष | पछिल्लो पाच बर्षको औसतमा पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गरेको |
| २ | सातौं | आठौं | पाँच वर्ष | पछिल्लो पाच वर्षको औसत पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गरेको |
| ३ | नवौं | दशौं | पाँच वर्ष | पछिल्लो पाच वर्षको औसत पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गरेको |





(ख) प्रदेश स्वास्थ्य सेवाका कर्मचारीको स्तरवृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) प्रत्येक वर्षको श्रावण एक गते र माघको एक गतेदेखि लागू हुने गरी स्तरवृद्धि गर्नु पर्नेछ ।

(३) समायोजन ऐन लागू भई प्रदेशमा समायोजन भई हाजिर भएका स्तरवृद्धि हुने तहका पदमा कार्यरत कर्मचारीको सेवा अवधि गणना गर्दा जुन अवधिमा पाँच वर्ष पुग्ने हो सोही अवधि देखि माथिल्लो तहको बढुवाको लागि सेवा अवधि गणना हुनेछ ।

(४) स्तरबृद्धि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. <u>सहायक तेस्रो तहको कर्मचारीको स्तरवृद्धि सम्बन्धी व्यवस्थाः</u> (१) सहायक तेस्रो तहको पदको स्तर देहाय बमोजिम हुनेछः-

(क) प्रथमस्तर

(ख) द्वितीयस्तर

(ग) तृतीयस्तर

(घ) चतुर्थस्तर

(ङ) पाँचौंस्तर

(२) सहायक तेस्रो तहको पदमा सुरु नियुक्ति हुने प्रदेश निजामती कर्मचारीको प्रथम स्तर कायम हुनेछ ।

(३) अख्तियारवालाले सहायक तेस्रो तहको प्रदेश निजामती कर्मचारीको देहाय बमोजिम स्तरवृद्धि गर्नेछः-

(क) पाँच वर्ष वा सोभन्दा बढी तर दश वर्षभन्दा कम सेवा अवधि भएकोलाई द्वितीयस्तर,

(ख) दश वर्ष वा सोभन्दा बढी तर पन्ध्र वर्षभन्दा कम सेवा अवधि भएकोलाई तृतीयस्तर,

(ग) पन्ध्र वर्ष वा सोभन्दा बढी तर बीस वर्षभन्दा कम सेवा अवधि भएकोलाई चतुर्थस्तर,

(घ) बीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएकोलाई पाँचौंस्तर ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३० को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको अवधिभर स्तरवृद्धि हुने छैन ।

(५) यो ऐन प्रारम्भ हुनु अघि श्रेणीविहीन पदमा बहाल रहेको कर्मचारीलाई यो ऐन प्रारम्भ भएपछि सहायक तेस्रो तहको पदमा कायम गरी उपदफा (३) मा उल्लेख भए बमोजिम स्तर वृद्धि गरिनेछ ।

४०. <u>बढुवा र स्तरवृद्धि रद्द हुनेः</u> कुनै उम्मेदवारले बढुवा वा स्तरवृद्धिको दरखास्त फाराम भर्दा झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा निजको बढुवा वा स्तरवृद्धि रद्द गरी निजलाई विभागीय सजाय गरिनेछ ।





४१. <u>वैयक्तिक विवरण राख्नुपर्नेः</u> (१) आफू बहाल रहेको कार्यालयमा कार्यरत प्रदेश निजामती कर्मचारीको वैयक्तिक विवरण दुरुस्त राख्ने जिम्मेवारी सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ । आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ।

(२) बढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेका प्रदेश निजामती कर्मचारीले सरकारी काम वा अध्ययन वा काजको सिलसिलामा विदेशमा रही वा प्राकृतिक वा आकस्मिक परिस्थिति वा काबू बाहिरको परिस्थिति परी दरखास्त फाराम पेश गर्न नसकेमा बढुवा सूचनाको म्यादभित्र सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको विवरण बढुवा सूचना प्रकाशन गर्ने कार्यालयमा पठाउनु पर्नेछ । यसरी पठाइएको विवरणलाई आधार मानी बढुवा समितिले बढुवाको कारवाही टुङ्गो लगाउनेछ ।

४२. <u>नकारात्मक सूचीः</u> देहायको अवस्थामा प्रदेश निजामती कर्मचारी नकारात्मक सूचीमा परेको मानिनेछः-

(क) दफा ३० बमोजिम उम्मेदवार हुन अयोग्य भएको,

(ख) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा पन्चानब्बे प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेको,

(ग) कुनै उम्मेदवारले बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्विक असर पर्ने गरी झुट्टा विवरण पेश गरेको प्रमाणित भएको अवधिदेखि पाँच वर्षसम्म,

(घ) लागू औषधजन्य पदार्थ सेवन गरेको वा अनुशासनहीन कार्य गरेको प्रमाणित भएमा प्रमाणित भएको पाँच वर्षसम्म ।

४३. <u>बढुवा मिति र बढुवा नियुक्तिः</u> (१) दफा २८ को उपदफा (५) बमोजिम बढुवा नतिजा प्रकाशन भएपछि बढुवा उजुरीको प्रयोजनको लागि सो नतिजा प्रकाशन भएको मितिबाट पन्ध्र दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतीक्षा सूचीमा राखिनेछ। त्यस्तो बढुवा सिफारिस उपर उजुरी नपरेमा सो नामावली प्रकाशन भएको मितिले सोह्रौं दिनको मितिबाट बढुवा हुने तहको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ ।

(२) बढुवा सिफारिस उपर उजुरी परेमा देहाय बमोजिम ज्येष्ठता मिति कायम गरी नियुक्ति दिनु पर्नेछः-

(क) दफा ४४ को उपदफा (२) बमोजिम बढुवा सिफारिस संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नतिजा प्रकाशन भएको मितिदेखि,

(ख) उजुरी खारेज भएमा वा पहिलेको बढुवा सिफारिस नै कायम भएमा पहिलो पटक नतिजा प्रकाशन भएको मितिले सोह्रौं दिनदेखि,





(ग) कुनै बढुवा सम्बन्धमा अदालतमा मुद्दा परी बढुवा बदर भई पुनः बढुवा समितिबाट बढुवा सम्बन्धी निर्णय गरेमा पछिल्लो पटक बढुवा समितिबाट निर्णय भएको मितिदेखि ।

४४. <u>बढुवाको उजुरीः</u> (१) दफा २८ बमोजिम बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने सम्बन्धित प्रदेश निजामती कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पन्ध्र दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी दिन सक्नेछ र त्यसरी परेको उजुरीमा उजुरी गर्ने म्याद नाघेको मितिले तीस दिनभित्र टुङ्गो लगाइनेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको उजुरी टुङ्गो लागेपछि पहिले प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नुपर्ने भएमा प्रदेश लोक सेवा आयोगले सोको सूचना बढुवा समितिलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम उजुरी छानविन गर्दा जानीजानी त्रुटिपूर्ण मूल्याङ्कन गरेको देखिएमा प्रदेश लोकसेवा आयोगले मूल्याङ्कनकर्तालाई चेतावनी दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी पछि हुने बढुवामा त्यस्तो उजुरीकर्ताको पहिलोपटकको उजुरी भए २ अङ्क र दोश्रो पटकको उजुरी भए ३ अङ्क काटिनेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम भएको कारवाहीको सूचना सम्बन्धित कर्मचारी लगायत बढुवा समितिको सचिवालय र सम्बन्धित कर्मचारी कार्यरत रहेको कार्यालयमा पठाउनु पर्नेछ।

(६) बढुवाको उजुरीसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. **बढुवाको शर्तमा परिवर्तनः** यस ऐन वा अन्तर्गत बनेका नियमहरुमा भएको बढुवा सम्बन्धी व्यवस्थामा कुनै संशोधन वा परिवर्तन गर्दा त्यस्तो संशोधन वा परिवर्तन भएको एक वर्ष पछिको मितिदेखि मात्र लागू हुनेछ ।

४६. **सेवा, समूह वा उपसमूह परिवर्तन सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारलाई प्रदेश निजामती सेवाको कुनै सेवा, समूह वा उपसमूहको कुनै तहको कुनै विशेष योग्यता भएको कर्मचारीको आवश्यकता परी सो सेवा, समूह वा उपसमूह भित्रैबाट सरुवा वा बढुवाद्वारा पूर्ति गर्न नसकिने भई अन्य प्रदेश निजामती सेवा, समूह वा उपसमूहबाट सेवा परिवर्तन गरी पद पूर्ति गर्नुपर्ने भएमा प्रदेश सरकारले सो को माग गरी प्रदेश लोकसेवा आयोगमा पठाउनु पर्नेछ ।

(२) प्रदेश लोकसेवा आयोगबाट प्रकाशित विज्ञापनमा तोकिएको योग्यता भएका समान तहका प्रदेश निजामती कर्मचारीको बीचमा प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट छनौट भएका प्रदेश निजामती कर्मचारीको प्रदेश सरकारले सेवा, समूह वा उपसमूह परिवर्तन गर्नेछ ।

तर प्रदेश सरकारको कुनै निकायको प्रदेश निजामती सेवाको कुनै पद आवश्यक नभई दरबन्दी कटौती भएको र सो कटौती भएको सेवा, समूह वा उपसमूह र तहको पद अन्य कुनै पनि निकायमा रिक्त नरहेको तथा एक वर्षसम्म पनि रिक्त हुन नआई त्यस्तो दरबन्दीमा कार्यरत कर्मचारीलाई अर्को सेवा, समूह वा उपसमूह परिवर्तन गर्नुपर्ने भएमा प्रदेश सरकारले प्रदेश लोकसेवा आयोगको परामर्श





लिई अन्य सेवा, समूह वा उपसमूहमा समूहकृत गर्न यो दफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद–७

## तलब, भत्ता र अन्य सुविधा

४७. **तलब भत्ताः** (१) प्रदेश निजामती कर्मचारीले आफ्नो पदमा बहाली गरेको दिनदेखि तलब भत्ता पाउनेछ ।

(२) प्रदेश निजामती कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्नका लागि देहाय बमोजिमको एक तलब भत्ता पुनरावलोकन समिति रहनेछः-

(क) प्रदेश सरकारको प्रमुख सचिव -अध्यक्ष

(ख) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय - सदस्य

(३) उपदफा (२) बमोजिमको समितिले प्रत्येक वर्ष उपभोक्ता मूल्य सूचीको आधारमा महंगी भत्ता निर्धारण गरी प्रदेश सरकारसमक्ष सिफारिस गर्नेछ । सो समितिले प्रत्येक तीन वर्षमा राजश्व वृद्धिदर, कुल दरबन्दी संख्या र विगत तीन वर्षमा मूल्य सूचीको आधारमा प्रदान गरिएको महंगी भत्ता समेतलाई आधार बनाई तलब भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिमको समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न र सम्बन्धित क्षेत्रका विषेशज्ञ,

आधिकारी ट्रेड युनियनको प्रतिनिधी वा सरोकारवालाहरुलाई समितिमा आमन्त्रण गरी सुझाव लिन सक्नेछ ।

(६) उपदफा (२) बमोजिमको समितिको सचिवालयको काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ ।

(७) प्रदेश सरकारले उपदफा (२) बमोजिमको समितिको सिफारिसको आधारमा प्रत्येक वर्ष वृद्धि हुने उपभोक्ता मूल्य सूचीको पचहत्तर प्रतिशतसम्म रकम प्रत्येक वर्ष भत्ताको रुपमा प्रदेश निजामती कर्मचारीलाई प्रदान गर्न सक्नेछ । त्यसरी प्रदान गरिएको भत्ता रकम शुरु तलब स्केलको पच्चीस प्रतिशत वा सो भन्दा बढी हुन गएको वर्षमा पच्चीस प्रतिशत रकम तलबमानमा समायोजन गरी बाँकी रकम भत्ताको रुपमा प्रदान गर्न सक्नेछ ।

(८) यो ऐन प्रारम्भ भएपछि प्रत्येक प्रदेश निजामती कर्मचारीले एक वर्षको सेवा अवधि पूरा गरेपछि तोकिए बमोजिमको रकम तलब वृद्धि पाउनेछ । यसरी तलब वृद्धि तोकिदा सम्बन्धित कर्मचारीले खाईपाई आएको रकममा नघट्ने गरी तलब वृद्धि संख्या मिलान गरिनेछ । कुनै प्रदेश निजामती कर्मचारीको तलब वृद्धि रोक्का भएकोमा सो तलब वृद्धि कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रुपमा जनाई राख्नु पर्नेछ ।

(९) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती कर्मचारीको हकमा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गरिने छैन ।

(१०) उपदफा (९) बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेमा त्यस्तो प्रदेश निजामती





कर्मचारीले पाएको तलब भत्ता त्यसरी भुक्तानी गर्ने अधिकारीबाट असुल उपर गरिनेछ ।

४८. <u>पकाएको तलब भत्ता पाउनेः</u> (१) प्रदेश निजामती कर्मचारीले प्रत्येक महिना भुक्तान भएपछि तलब र भत्ता पाउने भए तलब र भत्ता समेत पाउनेछ ।

(२) कुनै प्रदेश निजामती कर्मचारीले पकाएको तलब र भत्ता पाउने भए भत्ता समेत निज जुनसुकै व्यहोराबाट प्रदेश निजामती सेवामा नरहेमा पनि पाउनेछ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुमा व्यवस्था भएकोमा बाहेक कुनै प्रदेश निजामती कर्मचारीको तलब कट्टा गरिने छैन ।

(४) कुनै प्रदेश निजामती कर्मचारीले पाउने तलब सो कर्मचारी काम गरिरहेको वा बिदामा बसेको बखत रोकिने छैन ।

४९. <u>कार्य सम्पादन प्रोत्साहन कोषः</u> (१) प्रदेश सरकारले प्रदेश निजामती कर्मचारीको कार्य सम्पादन, कार्य परिणाम र प्राप्त नतिजाको आधारमा निजलाई प्रोत्साहन गर्न एक कार्य प्रोत्साहन कोषको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम, त्यसको सञ्चालन, व्यवस्थापन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०. <u>कार्यदक्षता सीमा पार गर्नेः</u> कुनै प्रदेश निजामती कर्मचारी कार्यदक्षता सीमा पार गर्नको निमित्त योग्य छ भनी अधिकृतस्तर कर्मचारीको हकमा सम्बन्धित मन्त्रालयको प्रदेश सचिव र सहायकस्तर कर्मचारीको हकमा अख्तियारवालाले लिखित रुपमा नजनाएसम्म कुनै प्रदेश

निजामती कर्मचारीले कार्यदक्षता सीमा पार गरेको मानिने छैन ।

५१. **निलम्बन भएमा पाउने तलबः** (१) कुनै प्रदेश निजामती कर्मचारी सरकारी कामको सिलसिलामा वा प्रदेश सरकारको तर्फबाट भएको कारबाही स्वरूप निलम्बन भएमा सो निलम्बन अवधिभर निजले आफ्नो तलबको आधा मात्र पाउनेछ ।

तर निजले सफाई पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ र कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन ।

(२) कुनै प्रदेश निजामती कर्मचारी उपदफा (१) मा उल्लिखित कारण बाहेक अन्य कुनै कारणबाट निलम्बन रहन गएको रहेछ भने निजले त्यसरी निलम्वन रहेको अवधिको तलब भत्ता पाउने छैन ।

५२. **चाडपर्व खर्च तथा अन्य सुविधाः** (१) प्रदेश निजामती कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्पराअनुसार मनाउने चाडपर्वको लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एक पटक चाडपर्व खर्चको रूपमा पाउनेछ । त्यस्तो चाडपर्व खर्च लिँदा कुन चाडपर्वमा लिने हो सो खुलाई कार्यरत कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

(२) निवृत्तभरण पाउने गरी अवकाश प्राप्त प्रदेश निजामती कर्मचारी वा निजको पारिवारिक निवृत्तभरण पाउने





व्यक्तिले निजले पाउने एक महिनाको निवृत्तभरण बराबरको रकम चाडपर्व खर्चको रूपमा पाउनेछ ।

(३) प्रदेश निजामती कर्मचारीले उपचार खर्च, अशक्त वृत्ति, अंगभंग भए बापत पाउने सुविधा, शैक्षिक तथा सन्तती वृत्ति, शिशु स्याहार भत्ता, बीमा, आवास कर्जा तथा शैक्षिक बीमा र अन्य सुविधा तोकिए बमोजिम पाउनेछन् ।

(४) प्रदेश निजामती कर्मचारीको न्यूनतम सञ्चित गर्न मिल्ने घर बिदाभन्दा बढी अवधि बिदा बचत भएमा त्यस्तो कर्मचारीले प्रत्येक वर्षको अन्तमा सो बापत निज कार्यरत पदको शुरु तलबस्केल बराबरको रकम पाउनेछ ।

५३. **कर्मचारी सञ्चय कोषः** (१) प्रदेश निजामती कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चयकोषमा जम्मा गरिदिनेछ ।

## परिच्छेद– ८

## अवकाश, उपदान र निवृत्तभरण

५४. **अनिवार्य अवकाशः** (१) अन्ठाउन्न वर्ष उमेर पूरा भएको वा दफा २२ बमोजिमको पदावधि पूरा भएको प्रदेश निजामती कर्मचारीले प्रदेश निजामती सेवाबाट स्वतः अवकाश पाउनेछ।

(२) यस दफाको प्रयोजनका लागि प्रदेश निजामती कर्मचारीको उमेर गणना गर्दा निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजले व्यक्तिगत विवरण (सिटरोल) मा लेखी दिएको जन्म दिन वा

वर्षबाट हुन आउने उमेरमध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ ।

(३) कुनै प्रदेश निजामती कर्मचारीको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र र व्यक्तिगत विवरणमा वर्ष, संवत् वा उमेर मात्र उल्लेख भएकोमा देहायको आधारमा जन्ममिति कायम गरिनेछः-

(क) नागरिकताको प्रमाणत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

(ग) व्यक्तिगत विवरण (सिटरोल) को हकमा शुरु नियुक्ति भएको मितिको आधारमा ।

(४) प्रदेश निजामती कर्मचारीले पेश गरेको कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको भएमा र सो प्रमाणपत्रमा उल्लिखित जन्म मितिहरुको बीचमा एक वर्षको अन्तर देखिएमा पूरा जन्म मिति खुलेको प्रमाणपत्रको आधारमा जन्ममिति कायम गरी उमेर गणना गरिनेछ ।

(५) उपदफा (४) बमोजिम छुट्टा छुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्षभन्दा बढी देखिएमा उपदफा (३) बमोजिम कायम हुने जन्ममितिको आधारमा निज जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिलाई जन्ममिति कायम गरी निजको उमेर गणना गरिनेछ ।





५५. <u>अवकाश दिन सक्ने:</u> प्रदेश सरकारले देहायका अवस्थामा कुनै पनि प्रदेश निजामती कर्मचारीलाई सेवाबाट अवकाश दिन सक्नेछः-

(क) कुनै प्रदेश निजामती कर्मचारीले आफ्नो जिम्मामा रहेको वा आफूले कुनै तरिकाबाट प्राप्त गरेको सरकारी गोप्य कागजात, लिखत वा जानकारी कुनै अनधिकृत व्यक्ति वा निकायलाई दिएमा वा दिने प्रयास गरेको कुरा प्रमाणित भएमा,

(ख) कुनै प्रदेश निजामती कर्मचारीले राष्ट्रिय हित विपरीत कुनै विदेशी राष्ट्र, संस्था वा नागरिकसँग अवाञ्छित सम्पर्क कायम गरी आफ्नो ओहदाको मर्यादा विपरीत गैर जिम्मेवारीपूर्ण व्यवहार गरेको कुरा प्रमाणित भएमा ।

५६. <u>असमर्थ कर्मचारीको सम्बन्धमा विशेष व्यवस्था:</u> कुनै प्रदेश निजामती कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रूपमा सेवा गर्न असमर्थ छ भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा प्रदेश सरकारले निजलाई निजको सेवा अवधिमा बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ ।

तर प्रदेश सरकारको मेडिकल वोर्ड गठन नभएसम्म नेपाल सरकारले गठन गरेको मेडिकल वोर्डबाट प्रमाणित गराउनु पर्नेछ ।

५७. <u>स्वेच्छिक अवकाशः</u> (१) निवृत्तभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछ । यसरी स्वेच्छिक अवकाश लिने कर्मचारीको अन्ठाउन्न वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्षसम्म सेवा अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।

तर दरबन्दी मिलान हुन नसकी फाजिलमा परेको वा प्रदेश सरकारलाई आवश्यक नभएका पदमा कार्यरत कर्मचारीको हकमा छुट्टै शर्त र सुविधा तोकी प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी स्वेच्छिक अवकाशको लागि निवेदन माग गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने अवस्था भएको, उमेरको हद बाउन्न वर्ष पुगेको र एउटै तहमा वाह्र वर्ष सेवा अवधि पूरा गरेको प्रदेश निजामती कर्मचारीले स्वेच्छिक अवकाश लिन चाहेमा निजलाई एक महिना अगावै साविकको तहभन्दा एक तह माथिल्लो तहमा बढुवा गरी स्वेच्छिक अवकाश दिन सकिनेछ ।

५८. <u>उपदानः</u> (१) पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको तर निवृत्तभरण पाउने अवधि नपुगेको प्रदेश निजामती कर्मचारीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछः





(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेको प्रदेश निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेको प्रदेश निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम सेवा गरेको प्रदेश निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

(२) उपदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५९. <u>योगदानमा आधारित निवृत्तभरणः</u> (१) यो ऐन प्रारम्भ भएपछि स्थायी रुपमा नियुक्त हुने प्रदेश निजामती सेवाका कर्मचारीले तोकिए बमोजिम योगदानमा आधारित निवृत्तभरण प्राप्त गर्नेछन् ।

(२) योगदानमा आधारित निवृत्तभरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६०. <u>विशेष आर्थिक सुविधाः</u> प्रदेश निजामती कर्मचारी र प्रदेशमा कामकाज गर्न खटिएका संघीय वा स्थानीय तहका कर्मचारी सेवामा छँदै मृत्यु भएमा निज कार्यरत रहेको कार्यालयको सिफारीसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निजको परिवारलाई पाँचलाख रुपैंया एकमुष्ट प्रदान गरिनेछ ।

## परिच्छेद–९

## तालिम, अध्ययन र छात्रवृत्ति

६१. **तालिम सम्बन्धी व्यवस्था:** (१) प्रदेश सरकारले प्रदेश निजामती कर्मचारीको सीप र क्षमता वृद्धिको लागि आवश्यकता अनुसार तालिम दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रत्येक कार्यालय प्रमुख वा विभागीय प्रमुखले प्रत्येक आर्थिक वर्ष शुरु भएको एक महिनाभित्र आफ्नो मातहतका कर्मचारीको तालिम आवश्यकता पहिचान गरी त्यस्तो तालिम उपलब्ध गराउन आवश्यक पहल गर्नु पर्नेछ ।

(३) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६२. **अध्ययन, तालिम वा अध्ययन भ्रमण:** (१) प्रदेश सरकारको मन्त्रालय, आयोग वा सचिवालयले आफ्नो मातहतका कर्मचारीलाई अध्ययन, तालिम वा अध्ययन भ्रमणमा पठाउनको लागि प्रत्येक वर्ष सो सम्बन्धी विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि,-

(क) "तालिम" भन्नाले अध्ययन बाहेक कुनै संस्थाद्वारा निश्चित पाठ्यक्रम अनुसार निश्चित अवधिमा सञ्चालन हुने सीप आर्जन गर्ने प्रशिक्षण कार्यक्रम सम्झनु पर्छ ।

(ख) "अध्ययन" भन्नाले सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा शैक्षिक





उपाधि हासिल गर्नको निमित्त गरिने अध्ययन सम्झनु पर्छ ।

(ग) "अध्ययन भ्रमण" भन्नाले अध्ययन र तालिम बाहेक बढीमा छ हप्ताको गोष्ठी, सेमिनार वा अवलोकन भ्रमण सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि अध्ययन, तालिम वा अध्ययन भ्रमणको लागि विषयगत आधारमा संख्या किटान गरी त्यसको विवरण उपदफा (३) बमोजिमको समितिमा पेश गर्नु पर्नेछ ।

(३) प्रदेश सरकारका निकायमा प्राप्त भएका अध्ययन, तालिम वा अध्ययन भ्रमणको बाँडफाँट गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) प्रमुख सचिव, प्रदेश सरकार – अध्यक्ष

(ख) सचिव, आर्थिक मामिला मन्त्रालय – सदस्य

(ग) सचिव, कानून सम्बन्धी विषय हेर्ने – सदस्य

(घ) सचिव, प्रदेश नीति तथा योजना आयोग – सदस्य

(ङ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य सचिव

(४) उपदफा (३) बमोजिमको समितिले मापदण्ड बनाई सो बमोजिम अध्ययन, तालिम, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले विषयवस्तु, आवश्यकता र औचित्यता हेरी उपदफा (४) बमोजिम वैदेशिक तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्दा सबै सेवा, समूह वा उपसमूहका प्रदेश निजामती कर्मचारी तथा प्रदेशका अन्य सरकारी सेवाका कर्मचारीलाई न्यायोचित तवरले बाँडफाँट गर्नु पर्नेछ ।

(६) उपदफा (३) बमोजिमको समितिबाट स्वीकृत नगराई वैदेशिक तालिम, अध्ययन र अध्ययन भ्रमणमा पठाउन पाइने छैन। कसैले समितिको स्वीकृति नलिई कुनै प्रदेश निजामती कर्मचारीलाई मनोनयन गरेमा मनोनयन गर्ने अधिकारीलाई विभागीय सजाय गरिनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको समितिबाट भएको निर्णय बमोजिम दरखास्त दिई अध्ययनको अवसर पाएका र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट छनौट भई अध्ययन गर्न जाने बाहेक निजी प्रयासमा अध्ययन गर्न जाने प्रदेश निजामती कर्मचारीलाई अध्ययन बिदा दिइने छैन ।

६३. <u>अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नुपर्ने अवधिः</u> प्रदेश सरकारको मनोनयनमा तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाने प्रदेश निजामती कर्मचारीले अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि उक्त अवधिको न्यूनतम दोब्बर अवधिसम्म अनिवार्य रुपले सेवा गर्नु पर्नेछ ।

६४. <u>कबुलियत गर्नुपर्नेः</u> (१) कुनै पनि प्रदेश निजामती कर्मचारीले सरकारी मनोनयनमा अध्ययन गर्न, तालिम लिन वा अध्ययन





भ्रमणमा जानुअघि दफा ६३ बमोजिमको सेवा गर्ने गरी कबुलियत गर्नु पर्नेछ।

(२) अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेको प्रदेश निजामती कर्मचारीले उपदफा (१) बमोजिमको न्यूनतम सेवा अवधि पूरा नगरी निजलाई अर्को पटक तीन महिना भन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणको लागि मनोनयन गरिने छैन ।

(३) उपदफा (१) बमोजिमको कबुलियत अनुसार सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट अध्ययन, तालिम वा अध्ययन भ्रमण अवधिभर निजले पाएको तलब भत्ता, निजले प्राप्त गरेको छात्रवृत्ति रकम तथा कबुलियतमा उल्लेख भएका अन्य रकमहरु समेत तोकिएको अवधिभित्र नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(४) अख्तियारवालाको पूर्वस्वीकृति लिई निजी प्रयासमा बेतलवी अध्ययन बिदामा जाने निजामती कर्मचारीले अध्ययन पूरा गरेपछि अध्ययन बिदा बराबरको अवधि सेवा गर्ने कबुलियत गर्नु पर्नेछ ।

(५) यस ऐन बमोजिम अध्ययन, तालिम वा अध्ययन भ्रमणमा जाने कर्मचारीले त्यस्तो कार्यक्रमको प्रत्येक सेमेस्टरको नतिजा वा प्रगति विवरण त्यस्तो नतिजा प्रकाशन भएको तीस दिनभित्र पदाधिकार रहेको निकाय, प्रदेश किताबखाना र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(६) उपदफा (१) र (४) बमोजिम तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएका प्रदेश निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि कबुलियत

बमोजिमको सेवा अवधि पूरा नगरेमा त्यस्ता कर्मचारीको अध्ययन, तालिम वा अध्ययन भ्रमणको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

(७) उपदफा (३) बमोजिम रकम असुल उपर गर्दा सम्बन्धित कर्मचारीले पाउने रकमबाट असुल गर्नु पर्नेछ र त्यस्तो रकमबाट असुल गर्न नसकिएमा वा रकम अपुग भएमा सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको कर्मचारीको दफा ५४ बमोजिम अनिवार्य अवकाश भएको वा मृत्यु भएको कारणले दफा ६३ बमोजिमको सेवा अवधि पूरा गर्न नसकेमा निज वा निजको परिवारबाट कुनै रकम असुलउपर गरिने छैन ।

(९) तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएका प्रदेश निजामती कर्मचारी त्यस्तो तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनु पर्नेछ ।

## परिच्छेद– १०

## आचरण

६५. **समय पालन र नियमितता:** प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारबाट निर्धारित समयमा नियमित रूपले कार्यालयमा उपस्थित रही तोकिएको कार्य गर्नु पर्नेछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कार्यालयमा वा खटाइएको काम गर्ने स्थानमा अनुपस्थित हुनु हुँदैन ।





६६. **अनुशासन र आदेश पालन:** प्रदेश निजामती कर्मचारीले देहाय बमोजिमको अनुशासन र आदेश पालन गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताको साथ पालना गर्नुपर्ने,

(ख) सरकारी कामसम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पूरा गर्नुपर्ने,

(ग) आफूभन्दा माथिका सबै कर्मचारीप्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका कर्मचारीप्रति उचित व्यवहार गर्नुपर्ने,

(घ) विद्युतीय र सामाजिक सञ्जालको प्रयोग गरी सेवाको मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरु गर्न गराउन नहुने।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनका लागि "सामाजिक सञ्जाल" भन्नाले एस.एम.एस, फेसबुक, मेसेञ्जर, भाइवर, ट्वीटर, यूटयूब, इन्स्टाग्राम, ब्लग, गुगल प्लस (+), टिकटक, ह्वाट्स एप, इमो, वीच्याट जस्ता सामाजिक सञ्जाल सम्झनु पर्छ ।

६७. **राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने:** कुनै पनि प्रदेश निजामती कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा स्वार्थ पूरा गर्ने मनसायले अन्य कर्मचारीमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

६८. **राजनीतिक क्रियाकलापमा संलग्न हुन नहुनेः** प्रदेश निजामती कर्मचारीले राजनीतिक दल वा संगठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिनु हुँदैन ।

६९. **सरकारको आलोचना गर्न नहुनेः** (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको नीतिको विपरीत हुने गरी वा नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि प्रदेश निजामती कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्नु, प्रेसलाई कुनै खबर दिनु, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्नु, कुनै सार्वजनिक भाषण दिनु वा कुनै वक्तव्य प्रकाशित गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन ।

७०. **सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्धः** (१) कुनै पनि प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारद्वारा अख्तियारी नपाई आफूले सरकारी कर्तव्य पालन गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय आफूले लेखेको वा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अरू अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा प्रेसलाई दिनु वा बताउनु हुँदैन । यो प्रतिबन्ध जुनसुकै कारणबाट सरकारी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू हुनेछ ।





(२) उपदफा (१) विपरीत सरकारी सेवाबाट अवकाश पाएको व्यक्तिले सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गरेमा निजले यो ऐन बमोजिम पाउने सेवा सुविधा तोकिए बमोजिम रोक्का गर्न सकिनेछ ।

७१. **दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्धः** (१) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति बिना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिनु हुँदैन ।

(२) प्रदेश निजामती कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले प्रदेश सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ ।

७२. **कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुनेः** प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई कुनै बैंक वा कम्पनी वा सहकारी संस्थाको स्थापना गर्न वा सञ्चालनको काममा भाग लिन तथा कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्नु हुँदैन ।

७३. **अन्यत्र नोकरी वा सेवा गर्न नहुनेः** (१) प्रदेश निजामती कर्मचारीले अख्तियारवालाको पूर्वस्वीकृति नलिई अन्यत्र कुनै प्रकारको नोकरी वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारको नीति विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार वा खेलकूद सम्बन्धी कार्य गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेश निजामती कर्मचारीले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैनः-

(क) प्रचलित कानून बमोजिम अध्ययन बिदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थामा कुनै सेवा पुऱ्याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ख) अख्तियारवालाको स्वीकृति लिई प्रदेश सरकारको नीति विपरीत नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(ग) अख्तियारवालाको पूर्व स्वीकृति लिई कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(घ) प्रदेश सरकारद्वारा सञ्चालित वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी





प्रशिक्षण सम्बन्धी कार्य वा अनुसन्धान गर्न,

(ङ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धानमूलक संघ संस्था वा नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय संघ संस्थाको सेवा सम्बन्धित सेवा, समूह, उपसमूहको लागि उपयोगी हुने देखि अख्तियारवालाले बिदा वा काज स्वीकृत गरेको निकायमा सेवा गर्न,

(च) आर्थिक लाभ वा कुनै सुविधा नलिने, कार्यालयको काममा बाधा नपर्ने र प्रदेश सरकारको अहित नहुने गरी आफ्नो पेशागत संगठन वा अन्य सामाजिक संस्थामा आबद्ध हुन ।

<u>**स्पष्टीकरणः**</u> यस खण्डको प्रयोजनको लागि "सामाजिक संस्था" भन्नाले सामाजिक आवश्यकता पूरा गर्ने सिलसिलामा परम्परादेखि समुदायमा आधारित भई समाजमा क्रियाशील रहेका सामाजिक संघ संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकूद, संगीत, विज्ञान, धर्म वा यस्तै अन्य कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्थालाई समेत जनाउँछ।

(छ) प्रदेश निजामती कर्मचारीको योगदानमा आधारित सरकारी आयोजना तथा कार्यक्रममा लगानी गर्न ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लोक सेवा आयोग वा सार्वजनिक

नियकाबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको प्रक्रियामा संलग्न हुने कर्मचारीले त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन र त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएको ब्यक्तिले त्यसपछि एक वर्षसम्म सञ्चालन हुने त्यस्तो परीक्षाको प्रक्रियामा संलग्न हुन पाउने छैन ।

(५) प्रदेश निजामती सेवाको एघारौं र बाहौं तहको पदबाट सेवा निवृत्त भएको व्यक्तिले प्रदेश सरकारको पूर्व स्वीकृति विना सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म देहायका काम गर्नु हुँदैनः-

(क) संवैधानिक वा कुटनीतिक नियुक्ति तथा नेपाल सरकार वा प्रदेश सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन,

(ख) दातृ निकायहरुबाट सञ्चालित आयोजनाहरुमा परामर्शदाताको रुपमा कार्य गर्न,

(ग) अध्यापन तथा प्रशिक्षण जस्ता स्वतन्त्र प्राज्ञिक काम बाहेक कुटनीतिक नियोग, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र गैर सरकारी तथा निजी संघ संस्थामा कर्मचारी, परामर्शदाता वा अन्य कुनै हैसियतमा काम गर्न ।

(६) उपदफा (५) विपरीतको काम गर्ने व्यक्तिले त्यस्तो काम गरेको अवधिभर यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको सेवा सुविधा लिन पाउने छैन ।





७४. **निर्वाचनमा भाग लिन नहुने:** प्रदेश निजामती कर्मचारीले कुनै पनि राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिनु, प्रचार–प्रसार गर्नु, जुलुस सभामा भाग लिनु, चन्दा दिनु वा कसैको लागि मत माग्नु वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्नु हुँदैन ।

तर कसैलाई मत दिएको वा दिने बिचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफुले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पुग्ने छैन ।

७५. **प्रदर्शन र हडताल गर्न प्रतिबन्धः** (१) प्रदेश निजामती कर्मचारीले प्रदर्शन गर्नु, बन्द हडतालमा भाग लिनु, थुनछेक गर्नु, बाधा अवरोध गर्नु, घेराउ गर्नु, जुलुसमा भाग लिनु, चन्दा दिनु वा कसैको लागि मत माग्नु वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्नु हुँदैन ।

(२) उपदफा (१) विपरीत कार्य गरी कुनै प्रदेश निजामती कर्मचारीले सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा वा कुनै पदाधिकारीलाई शारीरिक वा मानसिक क्षति पुऱ्याएमा त्यस्तो प्रदेश निजामती कर्मचारीलाई विभागीय सजाय गरी क्षतिपूर्ति समेत भराइनेछ ।

७६. **प्रतिनिधित्व गर्न नहुनेः** प्रदेश निजामती कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारीसमक्ष निवेदन दिनु बाहेक अरू व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्नु हुँदैन ।

७७. **यौनजन्य दुर्व्यवहार गर्न नहुनेः** कुनै प्रदेश निजामती कर्मचारीले कसैलाई यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन ।

७८. **यातना दिन नहुनेः** प्रदेश निजामती कर्मचारीले कसैलाई यातना दिनु हुँदैन ।

७९. <u>सम्पत्ति विवरण पेश गर्नुपर्ने:</u> (१) प्रदेश निजामती कर्मचारीले प्रचलित कानून बमोजिम तोकिएको अवधिभित्र आफ्नो सम्पत्ति विवरण प्रदेश किताबखाना समक्ष पेश गर्नु पर्नेछ ।

तर प्रदेश किताबखाना स्थापना नहुन्जेलसम्म राष्ट्रिय किताबखाना समक्ष सम्पत्ति विवरण पेश गर्नु पर्नेछ ।

(२) सम्पत्ति विवरण सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

८०. <u>स्थायी आवासीय अनुमति लिन नहुने:</u> (१) कुनै पनि प्रदेश निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिनु हुँदैन ।

(२) कुनै प्रदेश निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त गरेको मितिले साठी दिनभित्र सम्बन्धित प्रदेश निजामती कर्मचारीले आफू कार्यरत कार्यालयमा सोको विवरण पेश गर्नु पर्नेछ ।

८१. <u>सामाजिक जवाफदेहिता वहन गर्नुपर्ने:</u> (१) संविधान र कानूनको पालना गरी सामाजिक जवाफदेहिता वहन गर्नु प्रदेश निजामती कर्मचारीको कर्तव्य हुनेछ ।

(२) प्रचलित कानूनको प्रतिकूल कार्य भएको देखिएमा सोको जानकारी गराउनु प्रदेश निजामती कर्मचारीको कर्तव्य हुनेछ ।

८२. <u>आचरण पालना गराउने:</u> (१) विभागीय प्रमुख र कार्यालय प्रमुखले आफू र आफ्ना मातहतका कर्मचारीलाई यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकिएको आचरणको पालना गर्नु गराउनु पर्नेछ ।





(२) उपदफा (१) बमोजिमको आचरण पालना गर्नुपर्ने कर्मचारीले त्यस्तो आचरण उल्लङ्घन गरेमा अख्तियारवालाले समयमै विभागीय सजाय गर्नु पर्नेछ र त्यस्ता कार्यलाई कार्य सम्पादन मूल्याङ्कनको आधार बनाइनेछ ।

८३. <u>अन्य आचरण:</u> (१) प्रदेश निजामती कर्मचारीले आफ्नो कार्यालयमा काम गर्दा सबै प्रति शिष्ट व्यवहार गर्नु पर्नेछ ।

(२) प्रदेश निजामती कर्मचारीले आफ्नो कार्यालय तथा पद अनुसार आइपर्ने जिम्मेवारीलाई मर्यादापूर्वक बहन गरी निष्पक्ष, स्वच्छ तथा छिटो छरितो रुपमा कार्य सम्पादन गर्नु पर्नेछ ।

(३) प्रदेश निजामती कर्मचारीले कुनै पनि सरकारी सम्पत्तिको प्रयोग वा उपयोग घरायसी कार्यको लागि गर्नु
हुँदैन ।

(४) प्रदेश निजामती कर्मचारीले सरकारी राजश्वबाट तलब भत्ता खाने गरी नियुक्त भएको कुनै पनि सरकारी कर्मचारीलाई कार्यालयको काममा बाहेक आफ्नो घरायसी काममा लगाउनु हुँदैन ।

८४. <u>सेवाग्राही प्रतिको व्यवहार:</u> (१) प्रदेश निजामती कर्मचारीले आफ्नो कामसँग सम्बन्धित सेवाग्राही प्रति मर्यादित व्यवहार गर्नु पर्नेछ ।

(२) सेवाग्राहीको कामसँग सम्बन्धित विषय, प्रकृया र कार्यसम्पादन गर्न लाग्ने समय समेतको स्पष्ट जानकारी सेवाग्राहीलाई यथासमयमा गराउनु पर्नेछ ।

८५. **आफ्नो सेवा र पदअनुसारको आचरण पालन गर्नुपर्ने:** प्रत्येक प्रदेश निजामती कर्मचारीले आफ्नो सेवा र पद अनुकूलको आचरण समेत पालना गर्नु पर्नेछ ।

८६. **चेतावनी दिन सक्ने:** कुनै प्रदेश निजामती कर्मचारीले समय पालना नगरेमा, सरकारी काम स्म्बन्धी कुरामा आफूभन्दा माथिल्लो कर्मचारीले दिएको आज्ञा पालन नगरेमा वा कार्यालय सम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा त्यस्तो कर्मचारीलाई सम्बन्धित सुपरिवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सो को अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फायलमा राख्नु पर्नेछ ।

## परिच्छेद– ११

## सेवाको सुरक्षा

८७. **प्रदेश निजामती कर्मचारीको सेवाको सुरक्षाः** (१) देहायको अवस्थामा बाहेक प्रदेश निजामती कर्मचारीलाई सफाइको सबुत दिने मनासिब माफिकको मौका नदिई प्रदेश निजामती सेवाबाट हटाइने वा बर्खास्त गरिने छैन :-

(क) भ्रष्टाचार, राष्ट्रविरुद्ध जासूसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीरबन्धक, जातीय छुवाछुत, जबरजस्ती करणी तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी त्यस्तो फैसला अन्तिम भएको,

(ख) सरकारवादी हुने फौजदारी कसूरमा एक वर्ष वा सो भन्दा बढी अवधि कैदमा नै बस्नुपर्ने ठहरी अन्तिम फैसला भएको,





(ग) भागी हराई वा वेपत्ता भई पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको ।

(घ) म्यादी पदमा बहाल रहेको ।

८८. **प्रदेश निजामती कर्मचारीको बचाउः** (१) प्रदेश निजामती कर्मचारीले आफ्नो ओहदाको कर्तव्य पालन सम्झी गरेको कुनै सरकारी कामको सम्बन्धमा निज उपर उपदफा (२) बमोजिमको रीत नपुऱ्याई मुद्दा चल्न सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै प्रदेश निजामती कर्मचारी उपर मुद्दा चलाउनका लागि फौजदारी मुद्दाको हकमा अख्तियारवालाको अनुमति प्राप्त भएको हुनु पर्नेछ र देवानी मुद्दाको हकमा देहाय बमोजिम भएको हुनु पर्नेछः-

(क) मुद्दा चलाउने कारण तथा वादीको र निजको वारेस भएमा त्यस्तो वारेसको नाम र ठेगाना खोली लिखित सूचना अख्तियारवालालाई वा सम्बन्धित प्रदेश निजामती कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिष्ट्री गरी पठाएको र त्यसको एकप्रति नक्कल प्रदेश सरकारमा पेश भएको दुई महिना नाघेको,

(ख) मुद्दा चलाउने कारण भएको आठ महिनाभित्र मुद्दा दायर गरिसकेको ।

(३) कुनै प्रदेश निजामती कर्मचारी बहाल छँदा आफ्नो ओहदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि पनि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन ।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउन प्रदेश सरकारले स्वीकृति दिएमा निजको प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ ।

८९. **<u>प्रदेश निजामती कर्मचारीको सेवा शर्तको सुरक्षाः</u>** प्रदेश निजामती कर्मचारी नियुक्ति हुँदाका बखत तत्काल लागू रहेको तलब, उपदान, निवृत्तभरण र अन्य सुविधासम्बन्धी सेवाका शर्तहरूमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन । त्यस्तो संशोधन हुनु अगावै वहाल रहेको कुनै प्रदेश निजामती कर्मचारीको उल्लिखित सेवाका शर्तहरुमा प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मन्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन ।

## परिच्छेद-१२

## <u>विभागीय सजाय र पुनरावेदन</u>

९०. **<u>विभागीय सजायः</u>** उचित र पर्याप्त कारण भएमा प्रदेश निजामती कर्मचारीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछः-

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) दुई वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा दुई तलब बृद्धि रोक्का गर्ने,

(३) दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुई देखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने ।





(ख) विशेष सजायः

(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

९१. **<u>नसिहत दिने वा बढीमा दुई तलब बृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने :</u>** देहायको कुनै अवस्थामा प्रदेश निजामती कर्मचारीलाई नसिहत दिने वा बढीमा दुई तलब बृद्धि रोक्का गर्ने वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछ :-

(क) निजले सम्पादन गरेको काम सन्तोषजनक नभएमा,

(ख) प्रचलित कानून बमोजिम बरबुझारथ नगरेमा,

(ग) दफा ८६ बमोजिम एक वर्षमा दुई पटकसम्म लिखित चेतावनी पाएमा,

(घ) यो ऐन वा प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ङ) सेवाग्राहीको पीरमर्का र उजुरी पटक-पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(च) कार्य विवरण लागू गर्ने गराउने दायित्त्व भएको पदाधिकारीले सो कार्य नगरेमा ।

९२. **दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुई देखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने** : देहायको कुनै अवस्थामा प्रदेश निजामती कर्मचारीलाई दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुई देखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने सजाय गर्न सकिनेछः-

(क) अनुशासनहीन काम गरेमा,

(ख) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित आचरण सम्बन्धी कुराहरु उल्लङ्घन गरेमा,

(ग) प्रचलित कानून बमोजिम पेश्की फछर्यौट नगरेमा,

(घ) ब्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,

(ङ) पूर्व स्वीकृति नलिई बराबर कार्यालयमा अनुपस्थित रहेमा,

(च) दफा ७३ को उपदफा (३) को अवस्थामा बाहेक अन्यत्र कुनै प्रकारको नोकरी गर्ने वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, बिशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गरेमा ।

९३. **सेवाबाट हटाउने वा बर्खास्त गर्ने:** (१) देहायको कुनै अवस्थामा प्रदेश निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-





(क) प्रदेश निजामती कर्मचारीले अयोग्यताको कारणले आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) आचरण सम्बन्धी कुरा बराबर उल्लङ्घन गरेमा,

(ग) कार्यालयको समयमा बराबर मादक पदार्थको सेवन गरेमा,

(घ) बराबर अनुशासनहीन कार्य गरेमा,

(ङ) राजनीतिमा भाग लिएमा,

(च) आफ्नो पदको जिम्मेवारीको बराबर बेवास्ता गरेमा,

(छ) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(ज) मनासिब कारण भई बिदा स्वीकृत गराएकोमा बाहेक बैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको प्रदेश निजामती कर्मचारी त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा प्रदेश निजामती कर्मचारीलाई भबिष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) भ्रष्टाचार, राष्ट्रविरुद्ध जासूसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीरबन्धक, जातीय छुवाछुत, जबरजस्ती करणी तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरी त्यस्तो फैसला अन्तिम भएको,

(ख) स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको प्रमाणित भएमा,

(ग) सरकारी सेवामा नियुक्ति हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा ।

९४. <u>बिभागीय कारबाही र सजाय सम्बन्धी बिशेष ब्यवस्था :</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सो आयोगबाट र प्रचलित कानून बमोजिम सम्बन्धित निकायले कुनै प्रदेश निजामती कर्मचारीलाई बिभागीय कारबाही गर्न लेखी आएमा आवश्यक प्रक्रिया पुऱ्याई सोही बमोजिम बिभागीय सजाय गर्नु पर्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६५ विपरीत बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने प्रदेश निजामती कर्मचारीलाई गयल र तलब कट्टी गर्न सकिनेछ । यसरी गयल भएको अबधि सेवा अबधिमा गणना हुने छैन ।





(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत नगराई लगातार नब्बे दिनभन्दा बढी अबधि अनुपस्थित हुने कर्मचारीलाई गयल कट्टी गरी हाजिर गराउन सकिने छैन। हाजिर गराएमा त्यसरी हाजिर गराउने पदाधिकारीलाई दफा ९० बमोजिम बिभागीय सजाय हुनेछ र त्यसरी हाजिर गराएको कर्मचारीले खाएको तलब, भत्ता समेत त्यसरी हाजिर गराउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

९५. <u>स्वयं घोषणा गरी बिवरण पेश गर्नु पर्ने :</u> (१) यो दफा प्रारम्भ हुनु अघि स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिका लागि आबेदन दिएको प्रत्येक कर्मचारीले यो दफा प्रारम्भ भएको मितिले तीस दिनभित्र सोको स्वयं घोषणा गरी देहाय बमोजिमको बिवरण आफू कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछः-

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) स्थायी आवासीय अनुमति लिएको भए सो लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आबेदन दिएको भए सोको मिति,

(ग) सम्बन्धित बिदेशी मुलुकको नाम,

(घ) आफूले लिएको स्थायी आबासीय अनुमति परित्याग गर्न वा त्यस्तो अनुमतिको लागि दिएको आबेदन रद्द गराउन इच्छुक भए, नभएको ।

(२) कुनै प्रदेश निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आबासीय अनुमति लिएको भएमा यो दफा

प्रारम्भ भएको मितिले तीस दिनभित्र सम्बन्धित प्रदेश निजामती कर्मचारीले आफू कार्यरत कार्यालयमा उपदफा (१) बमोजिमको बिवरण पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको बिवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सोको बिवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

९६. **<u>जानकारी दिन सकिने:</u>** (१) दफा ८० विपरीत कुनै प्रदेश निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित प्रदेश निजामती कर्मचारी कार्यरत कार्यालय वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै प्रदेश निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दफा ८० उपदफा (२) बमोजिमको अवधि ब्यतित भएपछि त्यस्तो प्रदेश निजामती कर्मचारीको सम्बन्धमा छानविन गर्न बिभागीय सजाय दिने अधिकारीलाई लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा विभागीय सजाय दिने अधिकारीले त्यस्तो प्रदेश निजामती कर्मचारीको





सम्बन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी सोको जानकारी यथाशिघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम छानबिन गर्दा विभागीय सजाय दिने अधिकारीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा अन्य कुनै सरकारी निकायसँग कुनै कुराको जानकारी वा सहयोग माग गर्न सक्नेछ र त्यस्तो जानकारी वा सहयोग उपलव्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम छानविन र कारवाही गर्दा कुनै प्रदेश निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको देखिएमा निजलाई तीन महिनाभित्र प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी यस ऐन बमोजिम सजाय गरी सोको जानकारी पन्ध्र दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

९७. **<u>विभागीय सजाय दिने अधिकारी:</u>** (१) निजामती कर्मचारीलाई दफा ९० को खण्ड (ख) बमोजिमको विशेष सजायको आदेश दिने अधिकार देहायको अधिकारीलाई हुनेछ :-

(क) अधिकृत एघारौं तह वा सो सरहको पद र सोभन्दा माथिको पदमा कार्यरत प्रदेश निजामती कर्मचारीलाई प्रदेश सरकार,

(ख) अधिकृत छैठौं, सातौं, आठौं, नवौं र दशौं तह वा सो सरहको पदमा कार्यरत प्रदेश निजामती कर्मचारीलाई प्रदेश सरकारको प्रमुख सचिव वा सो सरहको अधिकारी,

(ग) सहायक तेस्रो, चौंथो र पाचौं तह वा सो सरहको पदमा कार्यरत प्रदेश निजामती कर्मचारीलाई विभागीय प्रमुख वा निज कार्यरत कार्यालयको अधिकृतस्तरको कार्यालय प्रमुख ।

(२) दफा ९० को खण्ड (क) बमोजिमको सजायको आदेश दिने अधिकारी तोकिए बमोजिम हुनेछ ।

९८. **विभागीय सजाय दिने अधिकार सुम्पन सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी दफा ९७ बमोजिम सजायको आदेश दिने कुनै अधिकारीको अधिकारलाई सोही सूचनामा तोकिएको अधिकारीले तोकिएको अवधिसम्मको लागि प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ ।

९९. **निलम्बन गर्नेः** (१) कुनै प्रदेश निजामती कर्मचारीको सम्बन्धमा दफा ९३ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैनः–

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुठ्ठा सबूत प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबूत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा,

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिँदा सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा, वा





(ग) सरकारी कामको सिलसिलामा गरेको कामको सम्बन्धमा अदालतमा सरकारवादी भई मुद्दा दायर भएमा ।

(२) प्रदेश निजामती कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने अभियोगको सूचना दिनुका साथै निजलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्वन समेत गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम कुनै प्रदेश निजामती कर्मचारीलाई निलम्बन गर्दा साधारणतया साठी दिनभन्दा बढी गरिने छैन । सो अवधिभित्रै त्यस्तो कर्मचारी उपरको कारवाही किनारा लगाउनु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारवाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा अख्तियारवालाको पूर्वस्वीकृति लिई तीस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ ।

(४) भ्रष्टाचार, राष्ट्रविरुद्ध जासूसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीरबन्धक, जातीय छुवाछुत, वहुविवाह, जबरजस्ती करणी तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको खण्डमा त्यसरी थुनिएको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ ।

१००. **निलम्बनको समाप्तिः** कुनै प्रदेश निजामती कर्मचारी कुनै कारणले आफ्नो पदमा पुनः स्थापित भएमा, दफा ९९ को उपदफा (३) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा

निजलाई लागेको अभियोगबाट सफाई पाएमा निजको निलम्बन समाप्त हुनेछ ।

१०१. **सफाइ पेश गर्ने मौका दिनुपर्नेः** (१) विभागीय सजाय दिन पाउने अधिकारीले कुनै प्रदेश निजामती कर्मचारीलाई सजाय दिने आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारणको उल्लेख गरी सो कर्मचारीलाई कम्तीमा सात दिनको म्याद दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

तर प्रदेश सरकारले सजायको आदेश दिनु पर्नेमा त्यसरी सफाईको मौका दिने प्रयोजनको लागि कुनै अधिकारीलाई अधिकार प्रत्यायोजन गरेको अवस्थामा त्यस्तो अधिकारीले सम्बन्धित कर्मचारीलाई सफाईको मौका दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रूपले किटिएको र प्रत्येक आरोप कुन-कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सफाईको मौका दिइएकोमा सम्बन्धित प्रदेश निजामती कर्मचारीले पनि म्यादभित्र आफ्नो सफाइ पेश गर्नु पर्नेछ र यसरी पेश हुन आएको सफाईलाई सम्बन्धित अधिकारीले गम्भीरतापूर्वक लिनु पर्नेछ ।

(४) विभागीय सजायको आदेश दिने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । त्यस्तो आरोप वा अभियोग जाचबुझ गर्ने अधिकृतले तोकिए बमोजिमको कार्यविधिको पालना गर्नु पर्नेछ ।





१०२. **विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्नेः** विशेष सजायको आदेश दिनुभन्दा पहिले दफा १०१ बमोजिम सफाइ पेश गर्न दिइएको म्यादभित्र सफाइ पेश नगरेमा वा पेश हुन आएको सफाइ सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो प्रदेश निजामती कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

१०३. **प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्नेः** (१) विभागीय सजाय गर्ने सम्बन्धमा सम्बन्धित प्रदेश निजामती कर्मचारीले दफा १०१ बमोजिम दिएको सफाइ वा दफा १०२ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्यादभित्र सफाइ वा स्पष्टीकरण प्राप्त नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी प्रदेश लोकसेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परामर्श माग गरेकोमा प्रदेश लोकसेवा आयोगले एक महिनाभित्र आवश्यक परामर्श उपलब्ध गराउनु पर्नेछ ।

१०४. **सजाय सम्बन्धी निर्णय गर्नेः** (१) दफा १०३ बमोजिम प्रदेश लोकसेवा आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध सबुत प्रमाणको मूल्याङ्कन गरी पन्ध्र दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णयको जानकारी यथाशिघ्र सम्बन्धित कर्मचारी र कार्यालयलाई दिनु पर्नेछ ।

१०५. **सजायको अभिलेखः** (१) कुनै प्रदेश निजामती कर्मचारी उपर विभागीय सजाय भएमा सम्बन्धित कार्यालयले सोको अभिलेख राखी आफ्नो तालुक विभाग वा केन्द्रीय निकाय, सेवा समूह, उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय र प्रदेश कितावखानामा समेत पठाउनु पर्नेछ ।

(२) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले आफूले सञ्चालन गर्ने सेवा, समूह, उपसमूहका प्रत्येक प्रदेश निजामती कर्मचारीको विभागीय सजायको अभिलेख राख्नु पर्नेछ ।

१०६. **पुनरावेदन सुन्ने निकाय :** यस ऐन बमोजिम दिइएको विभागीय सजायको आदेश उपर पुनरावेदन सुन्ने निकाय संघीय कानून बमोजिम हुनेछ ।

१०७. **निर्णयमा असर नपर्नेः** कुनै प्रदेश निजामती कर्मचारीको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम अख्तियार प्राप्त अधिकारीले गरेको काम कारवाहीमा तात्विक असर नपर्ने सानोतिनो त्रुटिबाट निर्णयमा असर पर्ने छैन।

## परिच्छेद-१३

## स्थानीय सेवा सम्बन्धी व्यवस्था

१०८. **स्थानीय सेवाको गठन तथा सेवा र शर्तः** (१) स्थानीय सेवाको गठन, सञ्चालन तथा सेवा र शर्त सम्बन्धी ब्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कानूनको ब्यवस्था नभएसम्म प्रदेश सरकारले सम्बन्धित स्थानीय तहसँग समेत





समन्वय गरी स्थानीय सेवाका कर्मचारीको परिचालन र कामकाज सम्बन्धी आवश्यक ब्यवस्था गर्न सक्नेछ ।

१०९. **स्थानीय तहको दरबन्दी निर्धारण तथा स्वीकृतिः** (१) स्थानीय तहको संगठन संरचना सर्वेक्षण, दरबन्दी संख्या तथा पद संख्या निर्धारण गरी सोको प्रतिवेदन स्थानीय तहले प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) स्थानीय तहले आफ्नो निकायको संगठन संरचना र दरबन्दी स्वीकृत गर्नु पूर्व प्रदेश सरकारको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत दरबन्दी र संगठन संरचना प्रदेश किताबखानामा दर्ता भएपछि लागू हुनेछ ।

११०. **स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतः** (१) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेश निजामती सेवाको पद हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत दरबन्दी बमोजिमका अधिकृत कर्मचारीलाई प्रदेश सरकारले प्रमुख प्रशासकीय अधिकृतको पदमा पदस्थापना वा सरुवा गर्नेछ ।

## परिच्छेद-१४

## विविध

१११. **प्रदेश निजामती कर्मचारीले पाउने विदाः** प्रदेश निजामती कर्मचारीले देहायका बिदा तोकिए बमोजिम पाउने छन् :-

(क) भैपरी आउने र पर्व बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) प्रसूति बिदा,

(ङ) प्रसूति स्याहार बिदा,

(च) किरिया बिदा,

(छ) अध्ययन बिदा,

(ज) पर्यटन बिदा

(झ) असाधारण बिदा ।

११२. **बेतलबी बिदाः** (१) प्रदेश निजामती कर्मचारीको पति वा पत्नी विदेशस्थित नेपाली राजदूतावास वा कुनै नियोगमा खटिई गएमा त्यस्तो प्रदेश निजामती कर्मचारीले तोकिए बमोजिम बेतलबी बिदा पाउनेछ । यसरी पाउने बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(२) सम्बन्धित सेवा समूहलाई उपयोगी हुने विषयमा प्रदेश निजामती कर्मचारीले निजी प्रयासमा अध्ययन गर्न चाहेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पूर्वस्वीकृति लिई पटकपटक गरी वा एकै पटक बढीमा तीन वर्षको लागि वेतलबी बिदा पाउन सक्नेछ । यस बमोजिमको बिदाको अवधि निजको सेवाअवधिमा गणना गरिनेछ ।

११३. **भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीले पाउने सुविधाः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९० को खण्ड (ख) को उपखण्ड (२) बमोजिम सेवाबाट बर्खास्त भएको प्रदेश निजामती कर्मचारीले दफा ५३ बमोजिमको संचयकोष, दफा ५९ बमोजिमको योगदानमा आधारित निवृत्तभरण र यस ऐन वा यस ऐन अन्तर्गत बनेको





नियमावली बमोजिमको बीमा बापत जम्मा भएको रकम बाहेक यस ऐन बमोजिमको अन्य कुनै सुविधा पाउने छैन ।

११४. **अधिकार प्रत्यायोजनः** (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको प्रदेश निजामती कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

तर यस ऐन बमोजिम प्राप्त अधिकारहरु यस ऐन बाहेक अन्य ऐनबाट प्रत्यायोजन गर्न सकिने छैन ।

(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफू मुनिका प्रदेश निजामती कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

११५. **व्यवस्थापन परीक्षणः** (१) प्रदेश लोकसेवा आयोगको कार्यक्षेत्रभित्रका विषयहरू बाहेक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश सरकारका विभिन्न निकायहरूमा कार्यरत प्रदेश निजामती कर्मचारीले प्रचलित कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरू पालन गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन परीक्षण गर्दा आवश्यकता अनुसार निर्देशन दिन तथा कुनै प्रदेश निजामती कर्मचारीउपर विभागीय सजाय गर्नु पर्ने देखिएमा सम्बन्धित अधिकारीलाई लेखी पठाउन सकिनेछ ।

११६. **प्रदेश निजामती सेवामा पुनः बहाली भएमा पाउने सुविधाः** (१) कुनै प्रदेश निजामती कर्मचारीलाई दफा ९० को खण्ड (ख) बमोजिम विशेष सजाय भएकोमा सो सजाय अदालतबाट

बदर भई निज सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको मितिदेखि सेवामा पुनः कायम भएको मितिसम्मको बाँकी तलब, भत्ता, चाडपर्व खर्च र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि प्रदेश निजामती सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको प्रदेश निजामती कर्मचारी अदालतको आदेशद्वारा प्रदेश निजामती सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले समेत उपदफा (१) बमोजिम तलब, भत्ता र तलबवृद्धि पाउनेछ ।

११७. <u>नोकरी नथामिने:</u> कुनै प्रदेश निजामती कर्मचारीले दफा ९० को खण्ड (ख) बमोजिम विशेष सजाय पाएकोमा पुनरावेदन परी निजको सेवा पुनःस्थापित हुने भएमा सो निर्णयको सूचना पाएको तीस दिन वा निर्णय भएको एक वर्ष मध्ये जुन पहिले हुन्छ सो अवधिभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामिने छैन ।

११८. <u>प्रदेश निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनः</u> (१) प्रदेश निजामती कर्मचारीले यस ऐनको अधीनमा रही ट्रेड युनियन गठन गर्न सक्नेछन् ।

(२) आधिकारिक ट्रेड युनियनको निर्वाचन प्रत्येक तीन वर्षमा तोकिए बमोजिम हुनेछ ।

तर यस ऐन बमोजिम आधिकारिक ट्रेड युनियनको निर्वाचन नभएसम्म प्रचलित कानून बमोजिम दर्ता भएको राष्ट्रियस्तरका ट्रेड युनियन यस ऐन बमोजिम निर्वाचित भएको मानिनेछ ।



खण्ड ६) अतिरिक्ताङ्क १२, प्रदेश राजपत्र भाग १ मिति २०७९।०५।३१

(३) प्रदेश आधिकारिक ट्रेड युनियनको निर्वाचन प्रयोजनको लागि तोकिए बमोजिम प्रदेश स्तरको निजामती कर्मचारीको ट्रेड युनियन दर्ता गर्नु पर्नेछ । यसरी ट्रेड युनियन दर्ता गर्दा सेवागत, लैंगिक, पदीय वा क्षेत्रगत आधारमा गरिने छैन।

(४) उपदफा (३) बमोजिम नयाँ ट्रेड युनियन दर्ताका लागि राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश किताबखानाबाट संकेत नम्बर प्राप्त गरेका उपदफा (७) बमोजिमका निजामती कर्मचारी ट्रेड युनियनको सदस्यता प्राप्त गर्न योग्य प्रदेश निजामती कर्मचारीको कूल संख्याको बीस प्रतिशत कर्मचारीको हस्ताक्षर सहित ट्रेड युनियन दर्ताका लागि तोकिएको निकायमा निवेदन दिनु पर्नेछ।

(५) आधिकारिक ट्रेड युनियनले कर्मचारीको सामूहिक हकहितको संरक्षण तथा सम्बर्द्धनका लागि तोकिए बमोजिम सामूहिक सौदाबाजी गर्न तथा कानूनमा भएको व्यवस्थाको कार्यान्वयन गर्न तोकिए बमोजिम सामाजिक संवादमा सहभागी हुन पाउनेछ ।

(६) आधिकारिक ट्रेड युनियन बाहेक अन्य कुनैपनि युनियनले वा प्रदेश निजामती कर्मचारीको समूहले सामूहिक मागदावी पेश गर्न पाउने छैनन् । आधिकारिक ट्रेड युनियनले माग पूरा गर्नको लागि तोकिएको प्रक्रिया बमोजिम वार्ता गर्ने, छलफल गर्ने तथा मध्यस्थताको माध्यम बनाउने बाहेक हड्ताल वा काम बन्द गर्न पाउने छैनन् ।

(७) कार्यालय प्रमुख भई काम गर्नुपर्ने र चिकित्सक बाहेक अधिकृतस्तर आठौं तहसम्मका वा सो भन्दा मुनिका

कर्मचारी प्रदेश निजामती कर्मचारीको ट्रेड युनियनमा सहभागी हुन सक्नेछन् ।

(८) प्रदेश निजामती सेवामा सुधार, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि र नीति तथा मापदण्ड निर्माणमा सरकारलाई रचनात्मक सहयोग गर्नु आधिकारिक ट्रेड युनियन तथा यस दफा बमोजिम दर्ता भएका प्रदेश निजामती कर्मचारी ट्रेड युनियनको कर्तव्य हुनेछ ।

(९) प्रदेश निजामती सेवालाई तटस्थ, मर्यादित, भ्रष्टाचारमुक्त, अनुशासित, जनमुखी, परिणाममुखी र व्यावसायिक बनाउन क्रियाशील हुनु आधिकारिक ट्रेड युनियन तथा यस दफा बमोजिम दर्ता भएका प्रदेश निजामती कर्मचारी ट्रेड युनियनको जिम्मेवारी हुनेछ ।

(१०) एउटै व्यक्ति दुई कार्यकाल भन्दा बढी प्रदेश आधिकारिक ट्रेड युनियनको अध्यक्ष पदमा रहने छैन।

(११) प्रदेश आधिकारिक ट्रेड युनियन तथा प्रदेश निजामती कर्मचारी ट्रेड युनियनको कार्यसमितिको पदाधिकारी वा सदस्य भएको कारणले कुनैपनि प्रदेश निजामती कर्मचारीले पदीय जिम्मेवारी बमोजिमको काम गर्नबाट उन्मुक्ति वा छुट पाउने छैन । आफ्नो पदीय जिम्मेवारी पूरा गर्नु त्यस्तो पदाधिकारी तथा सदस्यको कर्तव्य हुनेछ ।

(१२) ट्रेड युनियन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

११९. <u>प्रदेश निजामती कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाइको व्यवस्था</u>: (१) प्रदेश निजामती कर्मचारीले यस ऐन वा प्रचलित कानून बमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक यो ऐन र यस ऐनअन्तर्गत





बनेको नियमबमोजिम प्रदान गरिएका सेवा, शर्त, सुविधा र प्रदेश निजामती कर्मचारीसँग सरोकार राख्ने कुनै पनि विषयमा आफूलाई मर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का तथा गुनासो मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तोकिए बमोजिम राख्न सक्नेछ ।

(२) प्रदेश निजामती कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाइ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२०. <u>बरबुझारथ गर्नुपर्ने</u>: कुनै प्रदेश निजामती कर्मचारीले आफूले बुझाउनु पर्ने नगदी, जिन्सी वा कागजात तोकिएको म्यादभित्र सम्बन्धित कर्मचारीलाई बुझाई दिनु पर्नेछ र सो बुझ्नु पर्नेले पनि सोही म्यादभित्र बुझी लिनु पर्नेछ ।

१२१. <u>अपाङता भएका कर्मचारीका लागि विशेष व्यवस्था</u>: अपाङ्गता भएका कर्मचारीको अपाङ्गताको अवस्थालाई ध्यान दिई सम्भव भएसम्म उपयुक्त स्थानमा पदस्थापन वा सरुवा गरिनेछ ।

१२२. <u>कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालन</u>: (१) प्रदेश निजामती सेवाका बहालवाला कर्मचारी, अवकाश प्राप्त व्यक्ति र निजको परिवारको कल्याणको लागि तोकिए बमोजिमको कर्मचारी कल्याणकारी कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कल्याणकारी कोषको सञ्चालन तथा ब्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

१२३. <u>सेवा निबृत प्रदेश निजामती कर्मचारीको सेवा लिन सक्ने</u>: (१) प्रदेश निजामती कर्मचारी सेवाबाट अवकाश प्राप्त गरी

निवृत्तभरण पाइरहेका कर्मचारीसँग प्रदेश सरकारले आवश्यक सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा उपलब्ध गराउनु त्यस्ता सेवा निवृत्त कर्मचारीको कर्तव्य हुनेछ ।

१२४. **कर्मचारी अभिलेख सम्बन्धी व्यवस्थाः** (१) प्रदेश निजामती सेवाका कर्मचारीको अभिलेख प्रदेश किताबखानाले राख्नेछ ।

(२) प्रदेश किताबखानाको स्थापना नहुन्जेलसम्म कर्मचारीको अभिलेख राष्ट्रिय किताबखानामा रहनेछ ।

(३) प्रदेश किताबखानाको स्थापना भए पश्चात कर्मचारीको विवरण राष्ट्रिय किताबखानाबाट माग गरी प्रदेश किताबखानाले ब्यवस्थापन गर्नेछ ।

१२५. **पुरस्कृत गर्ने सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले प्रदेशमा कार्यरत प्रदेश निजामती कर्मचारीलाई तोकिए बमोजिमको पुरस्कारबाट पुरस्कृत गर्न सक्नेछ ।

(२) पुरस्कार सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२६. **प्रदेश निजामती कर्मचारी अस्पतालः** (१) प्रदेश निजामती कर्मचारी तथा निजको परिवारलाई उपचार गर्न प्रदेश निजामती कर्मचारी अस्पतालको आवश्यक व्यवस्था गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश निजामती कर्मचारी अस्पतालको ब्यवस्था नभएसम्म प्रदेश सरकारले प्रदेश अन्तर्गतको कुनै अस्पताललाई उपचारको लागि तोक्नेछ ।

१२७. **सेवा अवधिको गणनाः** यस ऐन अन्तर्गत प्रदेश निजामती कर्मचारीको सेवा अवधि गणना गर्दा संघीय निजामती सेवामा कामकाज गरेको सेवा अवधि समेत गणना गरिनेछ ।





१२८. **सन्तती छात्रवृति सम्बन्धी व्यवस्थाः** निजामती कर्मचारीका सन्ततीलाई तोकिएको आधार तथा मापदण्ड बमोजिम छात्रवृत्ति दिइनेछ ।

१२९. **संघीय निजामती कर्मचारी सम्बन्धी ब्यवस्थाः** (१) प्रदेश निजामती सेवाका कर्मचारीबाट सेवा प्रवाह गर्न अपुग भएमा प्रदेश सरकारले नेपाल सरकारसँग कर्मचारी माग गर्न सक्नेछ ।

(२) प्रदेश निजामती सेवाका कर्मचारीहरू सचिव र प्रमुख सचिव पदमा बढुवा नहुन्जेलसम्म उपदफा (१) बमोजिम खटिएका राजपत्रांकित बिशिष्ट श्रेणीका कर्मचारीलाई प्रमुख सचिवमा र राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई मन्त्रालयका सचिवमा कामकाज गराउन सकिनेछ ।

(३) प्रदेश निजामती सेवाका सम्बन्धित सेवा समूहका कर्मचारीहरू उपलब्ध नभएमा मात्र सो सेवा समूहका पदमा संघीय निजामती सेवाका कर्मचारीलाई खटाउन सकिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश अन्तर्गतका कार्यालयहरूको कार्यालय प्रमुख पदमा प्रदेश निजामती कर्मचारी अपुग भएमा मात्र संघीय निजामती कर्मचारीलाई कार्यालय प्रमुखको रूपमा खटाइनेछ।

(५) प्रदेश सरकारले यस दफा बमोजिम खटिएका संघीय निजामती कर्मचारीको कामको मूल्याङ्कन गरी पुरस्कार र कारबाहीको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

१३०. **समायोजन भई आएका कर्मचारीको सेवा सुविधाः** (१) कर्मचारी समायोजन ऐन, २०७५ र संघीय कानून बमोजिम

प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था यस ऐनका अतिरिक्त संघीय कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीको उपदान, निवृत्तभरण र औषधी उपचार खर्च सम्बन्धी व्यवस्था समेत यस ऐनका अतिरिक्त संघीय कानून बमोजिम हुनेछ ।

१३१. <u>नियम बनाउने अधिकारः</u> (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले प्रदेश निजामती सेवाका सेवा, समूह वा उपसमूहमा सामान्य रुपले लागू हुने र बेग्लाबेग्लै सेवा, समूह वा उपसमूहको लागि छुट्टाछुट्टै नियमहरू बनाउन सक्नेछ।

१३२. <u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः</u> यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

प्रमाणीकरण मितिः २०७९।०५।३१

आज्ञाले,
कमलराज ढकाल
प्रदेश सरकारका सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली । मुल्यः रु ५०।-